दुई

# दमनको असर

राजाको सरकारले स्वतन्त्र रेडियोको व्यावसायिक स्वतन्त्रतामाथि निर्मम हस्तक्षेप गरेपछि यसको असर रेडियोमा त स्वाभाविक रूपमा पऱ्यो नै, समाजका अरू क्षेत्रमा पनि पऱ्यो । रेडियो सुलभ र सजिलै स्थानीयकरण गर्न सकिने माध्यम भएकोले यसलाई सबैभन्दा प्रजातान्त्रिक माध्यम भनेर अक्सर सबैले औँल्याउने गरेकै कुरा हो (वन्त सन् २००५) । यो अवस्थामा नेपालजस्तो भौगोलिक विकटता र जातीय तथा भाषिक विविधता भएको ठाउँमा स्थानीय रेडियो लोकप्रिय नहुने कुरै भएन । दुर्गम गाउँ-गाउँसम्म आफ्नो सञ्जाल बनाइसकेका एफएमहरूको लोकप्रियता यिनले क्षणक्षणमा प्रसार गर्ने समाचार र सूचनाहरूले समेत बढाएका थिए (नेपाल २०६१ : ४) । तर, समाचार प्रसारणमा प्रतिबन्ध लागेपछि सबै कुरा अस्तव्यस्त भयो । चारैतिर अन्योल सिर्जना भयो । समाजमा नचाहिँदा हल्ला फैलिए । स्वतन्त्र सूचनाको ढोका बन्द भएपछि गैरजिम्मेवार वर्गलाई हल्लाको खेती गर्न सहयोग पुग्ने गर्छ । एमएस नेपाल नामक डेनिश संस्थाका तर्फबाट रेडियो लुम्बिनीमा स्वयंसेवक भएर याकब थोरसनले गरेको अनुभवमा समुदायमा हल्ला र वहकाव प्रवाहको अनुगमन गर्ने र सही सूचना प्रवाह गरेर त्यस्ता भ्रमका खेतीलाई फल्न फुल्न नदिने काम सामुदायिक रेडियोको हो । देशमा कुनाकाप्चामा भएका सामाजिक क्रियाकलापलाई जनतासामु ल्याउने वास्तविक माध्यम पनि यिनै हुन् (थोरसन २०६२) ।

समाचार रोकिएपछि जनता माओवादी ज्यादती र नृशंसताका बारेमा समेत सूचना पाउनबाट बिल्कुल वञ्चित भएका थिए। वरिष्ठ पत्रकार भारतदत्त कोइरालाको भनाइ थियो– "अहिलेको अवस्था निकै दुःखलाग्दो छ। अन्य सञ्चारमाध्यमको तुलनामा स्वतन्त्र रेडियोहरूले राज्य र जनतालाई निकै राम्रो सेवा प्रदान गरिरहेका थिए। तर यो बुझ्न सकिएन कि कुन आधारमा उनीहरूलाई माओवादीको मनोबल बढाएर राज्यपक्षलाई कमजोर पारेको भनेर लाञ्छना लगाइएको हो ?" विश्वसनीयतामाथि प्रश्न उठेको राज्यद्वारा सञ्चालित रेडियो (रेडियो नेपाल) ले समाचार प्रसारण गरिरहे पनि जनता त्यसलाई सहजै स्वीकार्न राजी थिएनन्, भलै त्यो सत्य नै किन नहोस् (नेवार सन् २००५)। त्यसमाथि, गैरराजनीतिक घटनामा समेत गलत समाचार दिएपछि गाउँघरमा रेडियो नेपाल बहिष्कार हुँदै थियो। २०६२ असोज ३० गते ओखलढुंगाको हर्कपुर घाटमा सुनकोशी नदीमा भएको डुंगा दुर्घटनामा परी बेपत्ता भएकाहरूको शव हर्कपुरमा भएको समाचार *रेडियो नेपाल*ले प्रसारण गरेको थियो जबकि त्यहाँ एउटा पनि शव थिएन। फलतः स्थानीय बासिन्दा र शव खोज्न गएकाहरूबीच झगडा नै भयो। *रेडियो नेपाल*ले भने असोज ३१ देखि कात्तिक २ गतेसम्म मृतकहरूको नामै किटेर बारम्बार समाचार प्रसारण गरेको थियो। यो घटनापछि हर्कपुरबासीहरू *रेडियो नेपाल*मा समाचारको धुन बजेपछि रेडियो नै बन्द गर्ने हकसम्म आक्रोशित भएका थिए (बराइली २०६२)।

स्वतन्त्र रेडियोको भूमिका तथा प्रभाव र समाचार प्रतिबन्धित भएपछि त्यसबाट परेको असरबारे वरिष्ठ पत्रकार तथा सञ्चारविज्ञ रामकृष्ण रेग्मीको विचार यस्तो थियो–

> एफएम रेडियोबाट समाचार प्रसारण नगर्ने प्रावधान अकस्मात् लागू हुँदा नेपाली सूचना संरचनामा एक किसिमको अपूर्णता आएको छ। अहिलेको सूचना युगअनुरूपको २४ घण्टे समाचारको बोलवाला सर्वत्र भएको समयमा फ्रिक्वेन्सी मोडुलेसन रेडियोको एउटा स्वर खबरको बोल बन्द हुन जाँदा नेपाली जनजीवनमा निकै असजिलो अनुभव भएको छ, नीति निर्णयकर्तालाई पनि आफ्नो कुरा तत्काल बाहिर पुऱ्याउन नपाउँदा निश्चय नै अप्ठेरो महसुस भएको हुनुपर्छ। यसबाट आउने अरू स्वरले त्यो आवाजको क्षतिपूर्ति गर्न नसक्ने भएकोले पनि अहिले नेपाली प्रसारण आकाशले घन्कँदाघन्कँदै पनि शून्यता महसुस गरिरहेको छ, मौनता अनुभूति भोगिरहेको छ।
>
> माध्यमलाई खुला, तर त्यसको प्राणतुल्य सफ्टवेयरलाई बन्द गर्दा विरोधाभास हुन पुग्यो कि ! एफएम समाचार प्रसारण नभएर नै हालैको परिवर्तनको सही सन्देश सही अर्थमा जनस्तरमा पुग्न नसकेको तथ्य सबैको सामु छ। परिवर्तनका कदमसँग गाँसिएका गम्भीर सन्देश प्रभावकारी रूपमा समुदायमा समयमा पुग्न अप्ठेरो पऱ्यो। परिवर्तन बुझ्न, बुझाउन र तदनुरूपको व्यवहार र देशवासी र विदेशी मित्रहरूमा

विकसित गर्न उपयुक्त रूपमा सहयोग पुऱ्याउन सम्भव भएन । धेरैलाई परिवर्तनको अनुभव गर्न छ्यामछ्याम छुमछुम गर्नुपऱ्यो ।

एफएमको समाचार माइक खुल्नु र नखुल्नुमा के अर्थ छ र ? प्रश्न गर्न मिल्छ, हुन्छ । त्यो माइक भनेको कति एफएमका लागि सोख हो, कतिका लागि मात्र एउटा उत्पादन, केहीका लागि त्यो विज्ञापन आर्जनको एउटा औजार मात्र हो । धेरैका लागि त्यो जीवनको अस्तित्वसँग गाँसिएको विषय पनि हो । यसका कारण नै तिनले सञ्चार क्षेत्रमा योगदान पुऱ्याउने मौका पाएका हुन्छन् । नेपालमा यो किसिमको रेडियो सुरु भएको, विकास र विस्तार भएको क्रमलाई मध्यनजरमा राखेर हेर्दा थाहा लाग्छ समाचार र एफएममा अन्योन्याश्रित सम्बन्ध रहेको छ । खास रेडियोभन्दा ४५ वर्षले कान्छो भए पनि स्थानीय प्रभावकारितामा जेठोभन्दा अति शक्तिशाली हुनु नै यसको विशेषता हो । श्रोताले त्यसमा धेरै उपादेयता पाएको देखिन्छ, आफूलाई राष्ट्रिय जीवन, सहरी दिनचर्यासँग र निरन्तर भइरहने घटना, दुर्घटनासँग अवगत गराउँदै सशक्त तुल्याउन तिनले यसबाट उर्जा प्राप्त गरेको पाइन्छ । एफएम समाचार नहुँदा त्यो ऊर्जा प्रवाह बन्द हुन गएको तिनको अनुभव हो ।

एकताकाको पत्रिका पढ्ने बानीजस्तै एफएम सुनेर देश बुझ्न चाहने, देशका अग्रणीका विषयमा जान्न चाहने र वर्तमानका समस्यालाई बुझ्न खोज्ने प्रवृत्ति नेपालका विभिन्न भागमा हालका वर्षमा बस्न गएको हो । पढेर जान्ने र सुनेर जान्नेमा कुन बढी प्रभावकारी होला भन्ने विषयमा विवाद छ, रहिरहन्छ, आमसञ्चारविद्हरूले यसलाई अनुसन्धान गर्दै जालान् पनि । जहाँसम्म सुनेर लाभान्वित हुने कुरा छ, कर्ण-जानकारीका आधारमा मत बनाउने कुरा छ र आवाजलाई टिपेर साँचेर, सोचेर आफ्ना व्यवहार र निर्णयलाई परिपक्व बनाउने कुरा छ, त्यो पढ्नुजत्तिकै प्रभावकारी छ ।

कुरा हावामै सुनिन्छ, एफएम पनि हावामै चल्छ, तर सुनेको कुरा हावामा बिलाएर जान्छ भन्ने ठान्नु भ्रम हो, त्यो त्यसरी बिलाउँदैन । पहिले-पहिले रेडियोभन्दा पुरानो, प्रेसभन्दा पुरानो मानव समाजमा श्रुतिकै आधारमा विकसित भएका कति अवधारणा अहिले पनि चलिरहेको पाइन्छ । त्यही श्रुति परम्पराले आधुनिक संस्करणमा पुग्दा एफएम समाचारको रूप धारण गरिरहेको ठान्दा खास बिग्रने त केही छैन । यसले समाजमा गुनिलो सेवा पुऱ्याइरहेको हुन्छ । त्यसैले जान्नेहरू यसमा ब्रेक लगाउनुको औचित्य देख्दैनन् ।

हो, यसबाट नकारात्मक तरङ्ग फैलाउन सकिन्छ, गलत सन्देश फिँजाउने सम्भावना छ र दुराशयपूर्ण मानसिकता विकास गर्ने सामग्री पनि प्रवाहित हुन सक्छ । तर पेशागत मर्यादा तथा संहिताले वा समाचार बजार स्वयंले यसमा सन्तुलन ल्याउनसक्ने हुनाले विज्ञहरू यी सम्भावनाका कारण नै समाचारलाई रोक्नुपर्ने आवश्यकता देख्दैनन् । देशभित्रकाले देशभित्र समाचार यन्त्र चलाएर बस्नुपर्ने अवस्थामा गलत प्रयोगको सम्भावना स्वतः कम हुन जान्छ । बरु भित्रको स्वर रोकिँदा बाहिरको आवाज बढी महत्त्वपूर्ण भएर आउने र त्यसले देशहितविपरीतको दिशा पनि लिन सक्ने सम्भावनालाई इन्कार गर्न सकिन्न । समाचार रोक्दा यो कुराको कति विवेचना गरियो होला !

एफएम समाचार वास्तवमा संक्षिप्त र सूचीप्रधान, सांकेतिक र अद्यावधिक नै हुने गरेको हो, विश्लेषण यसमा नअटाउनु स्वाभाविकै हो । फास्टफुडको जस्तो स्वाद पाइने यो समाचारको लोकप्रियता बढ्दै जानुमा यिनै कारण हुन् र अहिले यिनको अभावमा खल्लोपन आएको पनि तिनकै कारण हो । देशमा सञ्चालित चालीसभन्दा बढी एफएमले

> एक किसिमका प्रसारणको स्थानीय आवश्यकतालाई पहिल्याई त्यसलाई स्वरूप दिएको कुरा नमानी हुँदैन, यिनमा भएको अर्बौंको लगानी र जनशक्तिको प्रयोग अर्थतन्त्रकै निमित्त पनि सारपूर्ण स्तम्भ हो (रेग्मी २०६१ : ४) ।

समाचारमाथिको प्रतिबन्धले रेडियोका सबै पक्ष प्रभावित भए । मुख्य रूपमा नागरिकको सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रता त गुम्यो नै; यसले नेपाली पत्रकारिताको सबै पक्ष, रेडियो पत्रकारिता र स्वतन्त्र रेडियोहरूको अस्तित्वलाई नै संकटमा धकेलिदियो । सरकारले रेडियोहरूमाथि प्रतिबन्ध थोपर्दा केन्द्रीय रूपमा सबैको ध्यान समाचारमा तानियो, तर वास्तवमा समाचारका साथसाथै गीत र कतिपय भजनसमेत अघोषित प्रतिबन्धका शिकार हुन पुगे ।

एफएम रेडियोमा समाचार तथा सूचनामूलक कार्यक्रम बन्द हुँदा परेका असरहरूका बारेमा नेपाल पत्रकार महासंघले देशभरिका रेडियो स्टेसनहरूसँग लिखित जानकारी माग गरेको थियो । जसबारे अघिल्लो खण्डमा पनि चर्चा गरिसकिएको छ । त्यस सिलसिलामा सुदूरपूर्वदेखि सुदूरपश्चिम र राजधानीदेखि तराईसम्मका रेडियोले दिएको जानकारी अनुसार निम्नबमोजिमका असरहरू देखा परेका थिए–

- रेडियोप्रति श्रोताको आकर्षण र श्रोता संख्यामा गिरावट;
- श्रोता विदेशी सञ्चारमाध्यममा निर्भर हुन बाध्य;
- रेडियोको भविष्यका विषयमा अन्योल र आशंका;
- समाचार र सूचनाविहीनताका कारण रेडियोको औचित्यमाथि नै प्रश्न;
- पत्रकारहरू बेरोजगार र बेरोजगारीको क्रम तीव्र;
- सञ्चारकर्मीहरू थप असुरक्षित भएको महसुस;
- रेडियो पत्रकारिताको अस्तित्व नै खतरामा परेको अनुभूति;
- सञ्चारकर्मीहरूको उत्साह र मनोबलमा गिरावट, मानसिक पीडा वृद्धि;
- विज्ञापन पाउने क्रममा कटौती;
- प्राप्त विज्ञापन पनि फिर्ता;
- आर्थिक कारणले टिक्न नसकेर रेडियो नै बन्द गर्नुपर्ने खतरा महसुस;
- विज्ञापन एक्कासी घटेकाले पारिश्रमिक उपलब्ध गराउनसमेत मुस्किल;
- निश्चित क्षेत्रलाई लक्षित गरेर तयार पारिएका कार्ययोजनाहरू अपूरा;
- लक्षित क्षेत्रहरूको सामुदायिक लगानी नोक्सान;
- स्थानीय गतिविधिसमेत प्रसारण नगरेपछि रेडियोप्रति स्थानीय नागरिकको सद्भाव र स्नेह घट्ने सम्भावना;

- रेडियोको जनसम्पर्कमा अभूतपूर्व कमी;
- जनचेतना गर्नुपर्ने रेडियोको प्रमुख अभीष्ट नै अवरुद्ध ।

तत्काल अनुभव गरिएका यी असरले रेडियोकर्मी मात्र नभएर सम्पूर्ण रूपमा रेडियोले नै भोगेका समस्यालाई समेत निकै हदसम्म प्रतिनिधित्व गरेका छन् । माघ १९ पछि स्वतन्त्र रेडियोमा कार्यरत पत्रकारहरू सञ्चारकर्मबाटै वञ्चित हुन पुगे । अरू माध्यमका पत्रकारले सैनिक सेन्सरसिपको सामना गर्दै भए पनि काम त गर्न पाएका थिए तर रेडियो पत्रकारको भने अस्तित्व नै शून्यतामा रुमलियो ।

समाचारमा प्रतिबन्ध लगाएर स्वतन्त्र रेडियोहरूको भूमिकालाई क्यासेट वा सीडी प्लेयरभन्दा पनि कमजोर बनाइएको थियो । ‘क्यासेट वा सीडी प्लेयर’ मा त आफ्नो इच्छा अनुसारका गीत संगीत बजाउन पाइन्छ तर एफएममा त त्यो पनि नहुने भयो । फलस्वरूप माघ १९ अघिका ‘एफएम क्रेजी’ श्रोता घट्दै गए र हिजोसम्म धक फुकाएर गफ गर्ने श्रोताले फोन गर्न नै छाडे । सरकारले सबै रेडियोलाई मनोरञ्जनात्मक सामग्री मात्र प्रसारण गर्न भनेपछि नेपाली गीति उद्योगले अभूतपूर्व छलाङ मार्नुपर्ने थियो तर त्यसो पनि भएन, बरु उल्टो असर पर्‍यो । रेडियोले जुनसुकै बेला गीत मात्रै बजाउँदैमा संगीतको बजार नबढ्ने अनुभव बुद्धिसागर बस्याल जस्ता लोकगायकहरूले पनि गरे भने ललितपुर, लगनखेलको राज क्यासेट सेन्टरमा पहिलेको तुलनामा गीति एल्बम किन्नेहरूको संख्या घटेको रेकर्डले संगीत उद्योगमै नकारात्मक असर परेको समेत देखायो (तरुण साप्ताहिक २०६१) ।

यस क्रममा देखा परेका तत्कालीन र दीर्घकालीन प्रभावलाई विभिन्न शीर्षकमा चर्चा गर्न सकिन्छ ।

## आमसञ्चारको चरित्र समाप्त

स्थानीय रेडियोहरूले वास्तवमै जनताको आवाजको प्रतिनिधित्व र आवश्यकताको परिपूर्ति गरिदिएका थिए । त्यसैले ती गाउँघरका मान्छेहरूका लागि दैनिक जीवनको परिपूरक नै भएका थिए । यदि यस्तो नहुँदो हो त सप्ताह, मुट्ठीदान तथा अन्य जनसहयोगबाट पाल्पामा *मदनपोखरा एफएम*को रेडियो भवन बनाउन सम्भव हुने थिएन । सो एफएमका भगवान पौडेलले डोको बोकेर तरकारी बेच्न र हलो काँधमा हालेर बारी जोत्न हिंडेका किसानले पनि रेडियो सुन्ने गरेको देख्न पाउनुहुने थिएन । तर, समाचार र समसामयिक छलफलमा रोक लागेपछि उनीहरूले रेडियो नै बोक्न छाडेको देखियो (भण्डारी २०६२) । श्रमजीवी जनता

मात्र होइन बिहान विस्तरामै समाचार सुन्ने बानी परेका नागरिकहरूसमेत सूचनाको हकबाट वञ्चित भए (बुधवार २०६१) ।

स्थानीय समुदायका स-साना काममा पनि साथ दिएर स्थानीय रेडियोहरूले ठूल-ठूला गुन लगाएका छन् । मकवानपुरको पालुङमा सञ्चालित रेडियो पालुङले गरेको त्यस्तै एउटा काम थियो- क्यान्सर रोगीको उपचारका लागि सहायता संकलन । रेडियो पालुङको परीक्षण प्रसारणको तयारी हुँदै थियो । त्यसैबेला हरिबहादुर कार्कीले त्यहाँ पुगेर आफ्नो पीडा सुनाउनुभयो– “मेरो नाम हरिबहादुर कार्की हो । म पालुङमा बस्छु । मैले जिन्दगीभरि सडक मजदुर भएर काम गरेँ । मेरा ११ छोरी र ४ छोरा छन् । मेरो १७ वर्षको नाति अर्जुन जनकल्याण माविमा पढ्छ । स्कूलको भलिवल टिममा पनि छ । उसलाई ब्लड क्यान्सर भएको पत्ता लागेको छ । म गरीव छु, पैसा छैन । कृपा गरी उसको जीवन बचाउन सहयोग गरिदिनुहोला ।” स्टेसन म्यानेजर विष्णुहरि ढकालले उहाँलाई त्यही कुरा रेडियोमा बोल्न दिनुभयो र ३० सेकेण्डको रेडियो स्पट बनाइदिनुभयो । रेडियोले त्यो स्पट थुप्रै पटक बजायो । त्यसपछि स्थानीय स्तरबाट उहाँको नाति अर्जुनका बारे थुप्रै सोधपुछ भयो । उहाँको घर थाहा नपाउनेहरूले रेडियोमा आएर पनि पैसा बुझाए । पछि पालुङ बहुउद्देश्यीय सहकारी बैङ्कमा खाता खोलियो । दुई महिनामा डेढ लाख रुपियाँ उठ्यो (अर्याल सन् २००५) ।

यस्ता काम स्थानीय रेडियोले धेरै गरेका छन् । अस्पतालमा विरामीलाई रगतको आवश्यकता परेकोदेखि ग्रामीण शिक्षासम्मका मामिलामा प्रशस्त उल्लेखनीय काम भएका छन् । गाउँघरमा आवश्यक पर्ने स-साना सूचना र शिक्षा-स्वास्थ्यसँग सम्बन्धित सामग्रीदेखि देशविदेशका खबर र जानकारीहरू प्रवाह गर्नसमेत यिनको प्रयोग भइरहेको थियो । तर, समाचार प्रसारण बन्द भएकाले जनता सीमित साधनमा भर पर्नुपर्ने भयो ।

स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न प्रकारका द्वन्द्वलाई सतहमा ल्याएर समाधानको बाटो पहिल्याइदिने काममा यिनको सशक्त योगदान थियो । त्यति मात्र होइन, मूलतः सहरका खबर सहरमा आधारित भएर चलेका सञ्चारमाध्यमबाट एकतर्फी रूपमा गाउँतिर आउने गरेकोमा गाउँ र सहरका खबरलाई मिसाएर प्रवाह गर्ने काममा पनि यिनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । यिनले गाउँका खबर गाउँकै भाषामा भन्थे र गाउँघरमा खबर सुन्ने अर्थात् सूचना ग्रहण गर्ने संस्कृति स्थापित गरेका थिए । त्यो सबै भताभुंग भयो र रेडियोमा हुनुपर्ने आम सञ्चारको चरित्र नै समाप्त हुन पुग्यो ।

सामाजिक चेतना जागरणमा स्वतन्त्र रेडियोको महत्त्वपूर्ण योगदान रहेको कुरालाई सबैले बुझेका थिए र त्यसको सम्मान पनि गर्दै आएका थिए । तर यसको त्यही क्षमता सरकारका लागि टाउको दुखाइ बन्न पुग्यो । अर्थात्, यी रेडियोहरूले समाजमा निरंकुशताविरुद्ध जागरण प्रवाह गर्ने खतरा सरकारलाई महसुस भयो । हुन पनि, एफएमबाट सूचित हुन जनता साक्षर भइरहनु पर्दैन । जहाँ एफएम छ, त्यहाँ सुपथ मोलको रेडियो सेटकै भरमा नागरिक सुसूचित र सचेत हुन थालिहाल्छन् । त्यस्ता सचेत नागरिकले कुनै पनि किसिमको निरंकुशता र दासता नस्वीकार्नु स्वाभाविक नै हुन्छ । यही कुरो बुझेर शाही शासन एफएममाथि खनिन पुग्यो । 'एफएमको हत्या गर र शासनको आयु लम्ब्याऊ; लाग्छ- शाही सरकारको सपना, तिर्सना र जपना यही थियो' (संग्रौला २०६२) ।

रेडियो स्वतन्त्रताविरोधी शासकीय सोच शाही शासनको उदयपछि एकाएक पैदा भएको कुरा भने अवश्य होइन । त्यसअघिका सरकारसँग पनि स्वतन्त्र रेडियोहरूले समाचार प्रसारणका लागि कानुनी लडाई लड्नु परेकै हो । वस्तुतः यो व्यक्ति वा सरकारविशेषसँग सम्बन्धित विषय नभएर समग्र राज्य संयन्त्रकै दृष्टिदोषको परिणाम हो । शासक वा सरकार विशेषको स्वभावको कारणले नियन्त्रणको तरिका वा व्यवहार फरक हुने मात्रै हो । सूचनाको स्वतन्त्र प्रवाहविरोधी शक्ति जहिले पनि नेपालमा स्वतन्त्र रेडियोलाई खुम्च्याउन चाहन्छ किनभने ऊ जनता सुसूचित भएको र सशक्त बनेको देख्न चाहँदैन । तर एफएममाथि दमन गर्नु एक पटक र केही समयका लागि सम्भव हुनसके पनि त्यसलाई निरन्तरता दिनु र स्वतन्त्र स्वरहरूलाई सदाका लागि दमित गरिरहनु असम्भव नै थियो । 'कोही मान्छे अँध्यारोमा हिँड्दा पर उज्यालो देख्छन् भने कोही आत्तिन्छन्; अलिकति मात्रै पर्खेर हेर्ने हो भने यो अँध्यारो सधैँ रहिरहने र राख्न खोज्नेले राख्न सक्ने कुरा थिएन' (विष्ट २०६२) । साथै स्वतन्त्र रेडियोहरूलाई तिनका उपभोक्ताले सहजै बिर्सन सक्ने कुरै थिएन । बरु, त्यसको ठीक उल्टो, तिनमाथि लगाइएको प्रतिबन्धले सत्ताविरोधी सचेत जनमत स्वतः निर्माण हुँदै गएको थियो, जुन जनमत अन्ततः शाही शासनको पतनको प्रमुख कारक बन्न पुग्यो ।

## असत्यभित्र सत्यको खोजी

राज्य र विद्रोही दुवैको सन्तुलित समाचार प्रसारण गर्दै आएका स्वतन्त्र रेडियोको आवाजमा ताल्चा लगाइएपछि गाउँघरसम्म समाचार, सूचना र शिक्षा प्रवाह गर्ने सबैभन्दा सहज माध्यम *रेडियो नेपाल* मात्र बाँकी रह्यो । तर, त्यसले स्वतन्त्र, सही र सन्तुलित सामग्री दिन सक्ने कुरै थिएन । जसरी पहिलेकाले उसलाई

आफ्नो भजन गाउने माध्यम बनाए, शाही सत्ताले पनि त्योभन्दा चर्को रूपमा त्यही काम गरिरहेको थियो । यद्यपि यो रेडियो क्रान्तिको भुमरीमा क्रान्तिकारीहरूले सुरु गरेका थिए[१] तर पछि गएर यसको मूल कर्तव्य नै सत्ताको सेवा गर्ने भएको थियो । निरंकुश शाही सरकारको समर्थनमा जनमत सिर्जना गर्न मेहनत गर्नु र निरंकुशताविरोधी सबैको गलत चित्रण र दुष्प्रचार गर्नु नै उसको तात्कालिक धर्म भएको थियो ।

त्यसको विकल्पमा विद्रोही नेकपा (माओवादी) ले 'रेडियो जनगणतन्त्र नेपाल' देशका पाँचै क्षेत्रमा खोलिसकेको थियो । त्यसबाट प्रचार हुने सामग्री रेडियो नेपालले विरोधीलाई गाली गर्ने स्तरमै सरकारलाई गाली गर्ने खालका थिए । युद्धको समाचारमा जनमुक्ति सेनाको स्रोत वा त्यसका पदाधिकारीहरूलाई उद्धृत गरेर समाचार पस्किन प्रयास गरेको तिनका रेडियोकर्मीहरू दाबी गर्छन् । सरकारी रेडियोकर्मीहरूको दाबी पनि पहिलेदेखि नै त्यस्तै हुने गरेको छ । जे होस्, दुवैले रेडियो प्रविधिलाई एकतर्फी प्रचारको औजारको रूपमा प्रयोग गरेका थिए ।

राज्यको रेडियोको अलावा सेनाले छुट्टै रेडियो खोल्नु थप दुष्प्रचार अभियान चलाउनु थियो भन्ने प्रस्ट थियो । सरकारी सञ्चारमाध्यमबाट चलेको दुष्प्रचार र त्यसको ठीक विपरीत कोणबाट माओवादीको एफएमबाट समेत त्यस्तै अभियान चलिरहेको बेला दुवैलाई मात दिने गरी सेनाले नै रेडियो खोलेको कुरा आमजनताको चासोको विषय हुन सक्दैनथ्यो । यो पृष्ठभूमिमा सेनाले प्रत्येक जिल्लामा एफएम सञ्चालन गरे पनि स्थानीय स्वतन्त्र रेडियोहरूले जस्तो लोकप्रियता र विश्वसनीयता कमाउन सक्ने स्थिति थिएन । यसैबीच त्यस्तो एफएम नखोल्न दिइने सुझावहरूलाई सेनाका अधिकारीहरूले नमान्ने टिप्पणीसहित सेनाका एफएमको औचित्य नभएको भन्दै स्वतन्त्र रेडियोहरूको सम्मान गर्न र तिनैसँग सम्बन्ध सुमधुर बनाउन सुझावहरू दिने कामसमेत भए (पन्त २०६२) ।

सरकारले रेडियो नेपालको क्षमता विस्तार गरे जस्तै माओवादी रेडियोको क्षमता पनि विस्तार भएर काठमाडौँ उपत्यकाका समेत केही ठाउँमा, खासगरी बाहिरी भागहरूमा, सुनिन थाल्यो । जनताले भने यी दुवै थरि रेडियोका कुरा सुनेर आफैँले विश्लेषण गरेर पत्याउने वा नपत्याउने निर्णय गर्नुपर्ने अवस्था थियो । गाउँघरमा अरू रेडियो जस्तै माओवादी रेडियो पनि घन्किने गर्थ्यो । बारा

---

[१] २००७ मा राणाविरोधी क्रान्तिको 'वार हेडक्वार्टर' बनाइएको विराटनगर जुट मिल्सबाट प्रजातन्त्र नेपाल रेडियोको नाममा *रेडियो नेपाल*को थालनी भएको थियो (कोइराला २०६१ : ५६) ।

जिल्लाको डुमरवाना गाउँ विकास समितिको वडा नम्बर ४ मा त गाउँलेहरूले यो रेडियो माइक लगाएरै सुन्ने गरेको पाइएको थियो ।[२] चितवनको *कालिका एफएम* ९५.२ मेगाहर्जमा माइक लगाएर सुनिरहेको बेला त्यही फ्रिक्वेन्सीमा माओवादीको *रेडियो जनगणतन्त्र नेपाल* ९५.१ बज्न थाल्थ्यो, *कालिका एफएम* सुनिन छाड्थ्यो र गाउँलेहरू निर्धक्कसँग सुन्थे । स्वतन्त्र रेडियोमा समाचार नहुँदा माओवादी रेडियोका लागि समाचारको स्रोत घटेको थियो भने श्रोता बढेका थिए ।

समाचार बजाउन छोडेपछि स्वतन्त्र रेडियोहरू माओवादीको तारो हुन पुगेका थिए । कतिपय रेडियो स्टेसनलाई उनीहरूले 'समाचार नबजाउने भए हामी कब्जा गर्न आउँछौँ' भन्ने सन्देश पठाउने गरेको सम्बन्धित व्यक्तिहरूले जानकारी दिएका छन् । *स्वर्गद्वारी एफएम*का प्रबन्ध निर्देशक दधिराम सुवेदीका विचारमा 'समाचार नबजाएमा रेडियो स्वतः मर्ने हुनाले रेडियो स्वतन्त्रताको अधिकार उपभोग गरेरै खतरा मोल्नु श्रेयस्कर' ठानिएको थियो । तर, त्यसरी सरकारी आदेशको अवज्ञा गर्ने तहमा नेपालका सबै रेडियो पुग्न सकेनन् । समाचार प्रसारण गरे राज्यको शिकार हुनुपर्ने र नगरे माओवादीको शिकार हुनुपर्ने खतरा मूलतः काठमाडौँबाहिरका रेडियो स्टेसनहरूले भोगे ।

माओवादी रेडियोले नेपाली मात्र नभएर विदेशीहरूको समेत ध्यानाकर्षण गरेको थियो । नेपालको राजनीतिमा विशेष चासो राख्ने संयुक्त राज्य अमेरिकाका राजदूत जेम्स एफ मोरियार्टीले यसबारे सुरक्षा निकायसित नै सोध्नुभयो । मोरियार्टीले शाही नेपाली सेनाको पूर्वी पृतना हेडक्वार्टरको भ्रमण गरेका बेला पूर्वका १६ ओटा जिल्लामा भइरहेको कारवाही र माओवादीबारे जानकारी दिंदै सुरक्षा अधिकारीहरूले २०६२ साउन १६ गते उहाँको जिज्ञासा शान्त पार्ने कोसिस गरेका थिए । 'जनतालाई मीठा कुरा सुनाएर प्रभावित पार्ने माओवादीले एफएमलगायत सञ्चारमाध्यमहरूमा हात हालेका छन्' भन्दै मोरीआर्टीले यस्ता सञ्चारमाध्यम तत्काल बन्द गर्नुपर्छ भनेर सैनिक अधिकारीहरूलाई सुझावसमेत दिनुभएको थियो (कान्तिपुर २०६२छ) । सुरक्षा अधिकारीहरूले माओवादीले एफएम चलाएको ठाउँको खोजी भइरहेको र तिनलाई ध्वस्त पार्ने रणनीति लिइएको बताएर उहाँलाई आश्वस्त पारेका थिए ।

पूर्वाञ्चलका पहाडी भागमा स्पष्ट र विराटनगरमा समेत यदाकदा सुनिने माओवादी रेडियोबाट समाचारका अतिरिक्त जनवादी गीत र गतिविधि प्रसारण

---

[२] स्थलगत भ्रमणका क्रममा प्राप्त जानकारी ।

हुने गरे पनि विज्ञापन भने बजाइँदैनथ्यो (ढकाल २०६२) । माओवादीका रेडियोहरू अखबारका लागि समाचारका विषय र कतिपय अवस्थामा समाचारका स्रोतसमेत बन्ने गरेका थिए । यस अलावा माओवादीले गर्ने विभिन्न खालका 'जनकारबाही' को घोषणा पनि गर्ने यी रेडियोहरू समाजका लागि सूचना र सन्त्रास दुवै बनेका थिए ।

## कारोबार कटौती

सरकारले समाचारमा प्रतिवन्ध लगाएपछि रेडियो स्टेसनहरूको आर्थिक कारोबार नराम्ररी प्रभावित भयो । विज्ञापन ह्वात्तै घट्यो । *सप्तकोशी एफएम* विराटनगरका स्टेसन म्यानेजर सुनील न्यौपाने र *सप्तकोशी एफएम* इटहरीका समाचार संयोजक लीलाराज भट्टराई दुवैले प्राइम टाइममा विज्ञापन दिन चाहनेहरू तर्किएको अनुभव गर्नुभयो । *कोशी एफएम* विराटनगरका कार्यक्रम निर्देशक रमेश हतवालीको हिसाब अनुसार ३० प्रतिशत विज्ञापन घटेको थियो (ढकाल २०६२) । 'एफएममा धेरै विज्ञापन समाचारमूलक कार्यक्रममै आउँथ्यो । समाचारमा रोक लगाइँदा एफएमको आयस्रोत ६० प्रतिशतले घट्यो' (गौतम र हुमागाईं २०६२ : ३०) ।

माघ १९ लगत्तै सरकारले सरकारी विज्ञापनको वितरण एकद्वार प्रणालीबाट गर्ने भन्ने नीति ल्याएर गरेको आर्थिक नाकाबन्दीले स्वतन्त्र रेडियोलाई थप सकस त पर्‍यो तर तिनले आम नागरिकको सहानुभूति पाए । उक्त नीतिमार्फत सरकार समग्र नेपाली सञ्चारमाध्यमलाई राष्ट्रवादी र गैरराष्ट्रवादी भनेर विभाजन गर्ने दाउमा थियो । प्रेस स्वतन्त्रताका पक्षधर र निरंकुशताका विरोधीलाई 'गैरराष्ट्रवादी' भनेर संकटमा पार्नकै लागि यो नीति लागू गरिएको थियो *(अघिल्लो खण्डको 'आर्थिक दमन' उपशीर्षक पनि हेर्नुहोस्) ।*

त्यसबेलाको त्रासद वातावरणमा रेडियोहरूको अवस्थाबारे अनेक खालका अनुमान मात्रै भए, ठोस तथ्यगत अध्ययन भएन । रेडियो प्रसारकहरूका संस्थाले पनि यसतर्फ ध्यान दिएनन् । यसैबीच गरिएको एउटा अनौपचारिक अध्ययनअनुसार[३]

---

३ शाही कदमपछि आम सञ्चारको क्षेत्र, त्यसमा पनि विशेष गरी रेडियोको क्षेत्रमा परेको यो नकारात्मक प्रभावलाई कम गराउनका निम्ति काठमाडौँमा अनौपचारिक रूपमा काम गरिरहेको एउटा समूहले अन्य विभिन्न क्रियाकलापका साथ देशभरिका विभिन्न २५ ओटा रेडियो स्टेसनको स्थलगत अध्ययन भ्रमण गर्‍यो । भ्रमणमा ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका प्रतिनिधिहरूका साथै मिडिया सर्भिसेज इन्टरनेसनल, नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल वातावरण पत्रकार समूहका प्रतिनिधिहरू पनि सामेल थिए । यो समूहले काठमाडौँका आठओटा रेडियो स्टेसनको अध्ययन भ्रमण २०६२ वैशाख ५ देखि ७ गतेको बीचमा गरेको थियो । काठमाडौँ उपत्यकाबाहिरका रेडियो स्टेसनको भ्रमण भने वैशाख ११ पछिका केही दिनमा सम्पन्न भएको थियो ।

२०६२ साल वैशाखको पहिलो सातासम्ममा काठमाडौँ उपत्यकामा सञ्चालित *सिटी एफएम*को विज्ञापन र प्रायोजकबाट हुने आम्दानी ३५ प्रतिशतसम्म घटेको थियो । *कान्तिपुर एफएम*को ३० प्रतिशत र *एचबीसी एफएम*को ६० प्रतिशत आम्दानी घटेको पाइयो । समाचार प्रसारण नै नगर्ने *हिट्स एफएम*मा समेत घटनाक्रमले नराम्रो प्रभाव पारेको देखियो । *इमेज एफएम*मा भने आर्थिक रूपले केही नकारात्मक प्रभाव परे पनि 'अत्यासलाग्दो' स्थिति आइलागेन । *रेडियो सगरमाथा*मा पनि केही नकारात्मक प्रभाव त पर्‍यो तर तत्काल आम्दानी व्यापक रूपमा घटेन । उसले राजनीतिक विषय र सुरक्षाफौजको मनोबल घट्ने भन्ने अर्थमा लिन सकिने विषयहरूलाई छोडेर विशुद्ध सामाजिक मामिलासँग सम्बन्धित कार्यक्रम प्रसारण गरेर 'केही न केही कुरा गरिरहने' प्रयत्न गरेको थियो ।

चेतनाको कमी र रेडियोप्रतिको छापका कारण हुनुपर्छ- माघ १९ पछि पनि कतिपय विज्ञापनदाताले समाचारको अगाडि वा बीचमा बजाइदिनु भनेर विज्ञापन दिने गरेको *भक्तपुर एफएम*का प्रबन्ध निर्देशक रवि हाडाको अनुभव थियो । तर त्यस्ता घटना अपवाद मात्र थिए । उहाँका अनुसार, सहर-टोलतिर निस्कँदा श्रोताहरू यो रेडियो स्टेसन हो कि क्यासेट बजाएको हो भनेर व्यङ्ग्य गर्थे । सूचनामूलक सामग्री र समाचार प्रसारण गर्न श्रोताले बारम्बार माग गरेपछि साहित्य, विज्ञान, स्वास्थ्य, चिठ्ठीपत्र पढ्ने कार्यक्रमका साथै तामाङ र नेपाल भाषामा कार्यक्रम प्रसारण गरियो ।

ललितपुरको *पर्यावरणचक्र* एफएमको स्थिति भने अरूभन्दा अलग किसिमको रह्यो । यो रेडियोलाई कुनै पनि समस्या नपरेको सञ्चालकहरूको भनाइ थियो । माघ १९ पछि पनि यसले समाचारलगायत सम्पूर्ण कार्यक्रम यथावत् प्रसारण गरिरह्यो । संकटकालको प्रारम्भमै माघ २० गते यसले आफ्नो वार्षिकोत्सव मनाउन पनि भ्याएको थियो । त्यसको पाँच दिनपछि सूचना तथा सञ्चार मन्त्रालयले समाचार प्रसारण नगर्नू भनेर फ्याक्समार्फत आदेश पठाएपछि मात्रै समाचार बन्द गरियो । प्रमुख सञ्चालक अष्टमान महर्जनका अनुसार मन्त्रालयका मानिसहरूले समाचार र सूचना बन्द नगरे प्रसारण उपकरण जफत गर्ने धम्कीसमेत दिएका थिए । तर "आफ्नो बाटोघाटो सफा राख, वन संरक्षण गर, बालबालिकालाई स्कूल पठाऊ भन्न पनि पाइँदैन भने हाम्रो पैसा दिएर उपकरण लिएर जाऊ तर हामी यस्तो कुरा प्रसारण गर्न तिमीहरूले भन्दैमा रोक्दैनौँ" भन्ने जवाफ दिएको उहाँले जानकारी दिनुभयो ।

*कान्तिपुर एफएम*को प्रमुख उत्पादन नै समाचार रहेको ठानिन्थ्यो । त्यसैमा बन्देज लगाइएपछि यो एफएम पनि 'साह्रै नराम्रोसँग' प्रभावित भएको स्टेसन म्यानेजर प्रभात रिमालको अनुभव छ । उहाँका अनुसार, नयाँ किसिमले आइलागेको परिस्थितिको सामना गर्न स्टेसनलाई नयाँ ढंगले पुनर्संयोजन र व्यवस्थित गर्नुपर्ने

तर्फ विचार गरिएको भए पनि त्यसका लागि मानसिक रूपमा तयार हुन नै करिब तीन महिना लागेको थियो ।

*एचबीसी एफएम*को व्यवस्थापन सबैभन्दा निराश र हतोत्साहित भएका थियो । रेडियो सञ्चालक वीरेन्द्र दाहाल तथा रविन्द्र सिटौलाका अनुसार स्थिति यथावत् रहेको भए केही समयपछि स्टेसन नै बन्द हुने सम्भावना थियो । समाचारमा आधारित रेडियो स्टेसनको रूपमा सञ्चालन हुँदै आएको *एचबीसी*ले समाचार नै प्रसारण गर्न नपाएपछि पहिचानकै संकट बेहोर्‍यो । यसले हरेक घण्टा प्रसारण गर्ने समाचार बुलेटिनमा राष्ट्रियदेखि स्थानीय तहसम्मका सामग्री समेटिएका हुन्थे । आफ्नो पहिचान मेटेर रेडियो चलाइराख्न सञ्चालकहरूले सम्भव देखेका थिएनन् ।

यस्तै समस्या *नेपाल एफएम*लाई पनि पर्‍यो । काठमाडौँ उपत्यकाको कान्छो एफएम भएकाले आफ्नो पहिचान बनाउनु र त्यसलाई श्रोतामाझ स्थापित गर्नु यसका लागि चानचुने चुनौतीको विषय थिएन । मङ्सिर १८ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रधानमन्त्री शेरबहादुर देउवाको हातबाट उद्घाटन हुँदा काठमाडौँ उपत्यकाबाहिरका करीब एक दर्जन रेडियोबाट समेत प्रत्यक्ष प्रसारण गरेर 'समाचार रेडियो' को रूपमा घोषणा गरिएको र देशभरिका विभिन्न रेडियो स्टेसनको साझा संजाल भनिएको यो रेडियोमा समाचार र गीतसंगीतबाहेक अरू कार्यक्रम खासै थिएनन् । तसर्थ २०६२ असार २३ गतेसम्म राजधानीबासीले चाहे पनि नचाहे पनि यसले निरन्तर गीत संगीत घन्काइरह्यो ।

व्यवस्थापनलाई प्रत्यक्ष असर पार्ने समस्या उपत्यकाबाहिरका एफएम स्टेसनलाई झन् धेरै पर्‍यो । पत्रकार र प्रसारकहरू एकसाथ पीडित भएकाले सबै स्टेसनको स्थिति मूलतः उस्तै थियो । तर मकवानपुरको *पालुङ एफएम*मा भने अरूको भन्दा अलग समस्या देखा पर्‍यो । त्यो थियो– माओवादीको डर । विज्ञापन प्रसारण गराउँदा व्यापार व्यवसाय राम्ररी चलेको ठानेर माओवादीको 'नयाँ जनसत्ताको कर' को मारमा पर्नुपर्ने सन्त्रासले स्थानीय उद्यमी, व्यवसायीहरूले रेडियोलाई विज्ञापन दिन चाहेनन् ।

माघ १९ पछि रेडियोमा स्वाभाविक रूपमा श्रोता संख्या घट्यो ।[४] तर त्यसको प्रभाव त्यत्तिमा मात्रै सीमित रहेन । स्थानीय बौद्धिक व्यक्तिहरूले रेडियो

---

[४] अधिकांश रेडियोहरूले आफ्ना श्रोताको संख्या कुनै वैज्ञानिक सर्वेक्षणका आधारमा यकिन गरेका छैनन् । प्रायः रेडियोमा प्राप्त हुने श्रोताका पत्र, टेलिफोन, इमेल, फ्याक्स, आवतजावत, रेडियो सम्बद्ध व्यक्तिहरूसँग जनसम्पर्कका क्रममा भएका व्यक्तिगत कुराकानी र अरू खालका 'रेस्पोन्स' का आधारमा श्रोता संख्या घटेको वा बढेको भनेर विश्लेषण गर्ने गरेको पाइन्छ ।

सुन्नै छोडे । र, त्यो कुरा विभिन्न सन्दर्भमा व्यक्त गर्न थाले । उनीहरूको टिप्पणीले रेडियोप्रति थप विकर्षण र वितृष्णा उत्पन्न गर्न मलजल गऱ्यो । त्यसको समेत मारमा परेर हेटौंडास्थित *मनकामना एफएम*को आम्दानीमा ३५ प्रतिशत गिरावट आएको थियो ।

चितवनमा *सिनर्जी एफएम*को ४० र *कालिका एफएम*को ५० प्रतिशत आम्दानी घटेको थियो । नवलपरासीको गैंडाकोटमा सञ्चालित *विजय एफएम*को आम्दानी मासिक ५० हजार रुपियाँको दरले घट्दै गएको स्टेसन म्यानेजर हरि सापकोटाको हिसाब थियो । रुपन्देहीको *रेडियो लुम्बिनी*को आम्दानी ४० प्रतिशत घटेको रेडियोका अधिकारीहरू बताउँथे ।

यस अवधिमा आम्दानी मात्र होइन रेडियोको प्रतिष्ठा समेत घटेको थियो । "रेडियो स्टेसनको गौरव, प्रतिष्ठा र श्रोताको आधार भनेको समाचार नै रहेछ भन्ने स्पष्ट भएको छ", *सिनर्जी एफएम* सम्बद्ध व्यक्तिहरूले व्यक्त गरेको यो अनुभव अरू प्रसारकहरूको पनि थियो । समाचार विना रेडियो चलाउँदा कुनै चुनौती नै अनुभव भएन । सन्दर्भहीन र असामयिक सामग्री मात्र निरन्तर प्रसारण गर्नुपर्दा गौरवको अनुभूति हुन छोड्यो । यस्तो अवस्थामा व्यवसायीले व्यवसायलाई अगाडि बढाउन अत्यन्तै असहज भएको थियो ।

आर्थिक संकटमा परेपछि रेडियोहरूले त्यसलाई न्यून पार्न अनेक उपाय गर्न खोजे । सरकारसँग रोयल्टी र नवीकरण शुल्क मिनाहाको मागदेखि सञ्चारकर्मीहरूलाई कामबाट निकाल्ने निर्णयसम्म यसैसँग जोडिएका थिए । अर्कातर्फ, सरकारले रेडियोबाट समाचार ठप्प नपारेर कडा सेन्सरसिप लगाएको भए पनि रेडियो सञ्चालकहरू सम्भवतः त्यति छट्पटाउने थिएनन्, जति विशुद्ध मनोरञ्जनात्मक सामग्री मात्र प्रसारण गर्न बाध्य पार्दा छटपटिन पुगे । त्यस्तो सेन्सरसिप रेडियोको व्यवस्थापनभन्दा प्रेस स्वतन्त्रताको विषय बढी बन्ने थियो । तर सरकारले रेडियो समाचारको अन्तर्वस्तु मात्र नभएर 'फर्म्याट' कै हत्या गरेको थियो । टेलिभिजनहरूमा समाचारको 'फर्म्याट' कायम राखिएकै कारण उनीहरूले 'स्वयं नियन्त्रित' भएर समाचार प्रसारण गरेका थिए । आत्मनियन्त्रण अर्थात् 'सेल्फ सेन्सरसिप' बाट नेपालका पत्रपत्रिका पनि प्रभावित भएको कुरा त राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय चर्चाको विषयसमेत बनेकै हो ।

यस सिलसिलामा स्वतन्त्र रेडियोहरूले एउटा यस्तो भरपर्दो र बलियो साझा संगठनको अभाव महसुस गरे जसले कुनै पनि शक्तिद्वारा सिर्जना गरिने व्यवस्थापकीय र अन्य समस्यासँग डटेर मुकाविला गर्न सकोस् । पत्रकारहरूको पेशागत मामलालाई पत्रकार महासंघले डटेर सम्बोधन गरेको थियो । हुन त

प्रसारकहरूका पनि विभिन्न संस्था[५] अस्तित्वमा थिए तर तिनले यस्ता समस्यासँग मुकाविला गर्ने क्षमता देखाउन सकेका थिएनन् । फलतः पत्रकार र प्रसारकहरूको साझा संयन्त्रको रूपमा, साझा हक हितका लागि मिलेर संघर्ष सञ्चालन गर्ने उद्देश्य राखेर २०६२ जेठको दोस्रो हप्तामा 'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन' गठन भयो *(यसबारे खण्ड तीनमा सडक संघर्ष उपशीर्षकमा चर्चा गरिएको छ; मैनाली र पौड्याल सन् २००७ : ३९ पनि हेर्नुहोस्)* ।

## संकटमा रेडियो पत्रकारिता

पत्रकारिता पेसामा लाग्नु आफैँमा भौतिक रूपमा असुरक्षित मानिँदै आएको अवस्थामा रेडियोहरू नै संकटमा परेपछि आर्थिक र पेसागत रूपमा पनि यो असुरक्षित देखियो । काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चका महासचिव घमराज लुईंटेलका अनुसार समाचार प्रसारण गर्ने एफएममा ५ जनादेखि १६ जनासम्म काम गर्ने छुट्टै समाचार विभाग थिए र तिनमा औसत दस जना सञ्चारकर्मी कार्यरत थिए (अधिकारी सन् २००५) । यसप्रकार देशभरि सञ्चालित करिब ५० रेडियो स्टेसनका समाचार शाखामा प्रत्यक्ष संलग्न ५ सय र बाहिरी जिल्लाबाट समाचार सम्प्रेषण गर्ने पाँच सयसमेत एक हजार जति रेडियो पत्रकारको पेशा संकटमा पऱ्यो (अधिकारी २०६१) । फलस्वरूप माघ १९ पछि प्रेस स्वतन्त्रताको कुरा गर्दा रेडियो पत्रकारहरूको रोजगारीको मुद्दा सबैभन्दा जोडदार रूपले उठ्यो ।

पत्रकारलाई राज्यले तारो बनाइरहेको बेला रेडियोका सञ्चालक पनि उनीहरूविरुद्ध जाइलागे । पत्रकारहरूलाई कामबाट हटाउने एक प्रकारको अभियान नै चल्यो । त्यो प्रवृत्तिका विरुद्ध पत्रकार महासंघले आवाज उठायो । महासंघका सचिव महेन्द्र विष्टले २०६१ फागुन ११ गते प्रेस विज्ञप्ति निकालेर पूर्ण प्रेस स्वतन्त्रताका लागि महासंघले विभिन्न पहल र संघर्ष गरिरहेको हुनाले यस किसिमको अस्थायी स्थितिबाट प्रभावित भई श्रमजीवी पत्रकारहरूलाई बर्खास्त गरेर बिचल्लीमा नपार्न सबैसँग आग्रह गर्नुभयो ।

त्यो आग्रहले काम गरेन । पत्रकारहरूलाई सेवाबाट हटाउने कार्य झन् बढेपछि महासंघले अरू सञ्चारमाध्यमसँगै रेडियो स्टेसनहरूमा पनि फागुन १४ गते पत्र नै पठायो । "महासंघ यस सन्दर्भमा सञ्चारमाध्यमका सञ्चालक,

---

[५] ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च ।

प्रकाशक एवं प्रसारक संस्थाहरूको सामु उत्पन्न प्रतिकूलताका बाबजुद सबैभन्दा बढी चुनौती र जिम्मेवारी आइपरेको ठान्दछ", भन्दै महासंघले आग्रह गरेको थियो– "यस्तो संकटको घडीमा पत्रकारहरूलाई सेवाबाट हटाउने जस्तो कटु र गम्भीर निर्णय लिइदिनुहुने छैन ।" उक्त पत्रमा एक किसिमको चेतावनी पनि थियो– "प्रेस उद्योगको संरक्षण र सम्बर्द्धनमा गम्भीर आघात पर्ने गरी पत्रकारहरूका बीचमा पेसागत सुरक्षाको अर्को प्रहार यतिबेला असाध्यै असह्य हुनसक्छ भन्नेतर्फ यहाँहरूबाट विवेकशील चिन्तन हुनुपर्दछ भन्ने महासंघ आग्रह गर्दछ ।"

त्यसको पनि तत्काल सुनुवाइ भएको देखिएन । तर आन्दोलनले गति लिँदै गएपछि केही परिणाम देखियो । असारको पहिलो साता चितवनको *सिनर्जी एफएम*ले समाचार शाखामा कार्यरत सबै सञ्चारकर्मीलाई पुनर्बहाली गरेको घोषणा गऱ्यो । एफएमका प्रबन्ध निर्देशक सहन श्रेष्ठले विज्ञप्ति निकालेर नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यसमितिको आग्रहलाई सम्मान गर्दै पुनर्बहाली गरिएको जानकारी दिनुभयो ।

पत्रकारहरू बेरोजगार हुनु रोजगारीसँग सम्बन्धित कुरा मात्र थिएन । राज्यले यसलाई पत्रकारिताको सार्वजनिक महत्त्व र जनताको सूचना पाउने हकको सेवाको कसीमा हेर्नु पर्थ्यो । तर उसले यसलाई आम मजदूरको मुद्दाको कोटीमा राखेर सम्बोधन गर्न खोज्यो । सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री टंक ढकालले भन्नुभयो– "घण्टौँघण्टाको मनोरञ्जन कार्यक्रम प्रसारण गर्ने एफएमले १०-१५ मिनेटको समाचार बन्द हुँदैमा कर्मचारी बेरोजगार भए भन्न मिल्दैन । म विशेष आग्रह गर्दछु– गुणस्तरीय राम्रो कार्यक्रम बनाउन । यसका लागि सरकारले गर्ने सहयोग दिन तयार छौँ । यही अन्तिम व्यवस्था भने होइन, हामी यसका लागि गृहकार्य गर्दछौँ" (पोखरेल २०६१) ।

यसै क्रममा सरकारले रेडियो पत्रकारहरूलाई 'प्रेस प्रतिनिधि प्रमाणपत्र' बाट वञ्चित गर्ने काम थालिसकेको थियो ।[६] यसको उद्देश्य निकै गहिरो देखिन्थ्यो । राजाका मन्त्रीहरूले स्वतन्त्र रेडियोले आतंकवादलाई प्रश्रय दिएको आरोप लगाएर चुनौती दिइरहेका थिए । जसको अर्थ हुन्थ्यो, परिचयपत्रविहीन बनाइएका पत्रकारलाई कुनै पनि बेला 'आतंककारी' को मतियार भएको आरोप लगाएर कारबाही गर्ने बाटो खोल्नु ।

---

[६] *कम्युनिकेसन कर्नर*को सम्पादकको नाताले प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गर्न जाँदा फागुनको मध्यमै सूचना विभागले निवेदन समेत दर्ता नगरी लेखक स्वयंलाई फर्काइदिएको थियो । विभागका कर्मचारीहरूले एफएम रेडियोबाट समाचार प्रसारण गर्न नपाइने भएकाले तिनमा कार्यरत पत्रकारलाई कार्ड दिन नमिल्ने 'आदेश' भएको जनाएका थिए । र, आवेदन दर्ता गर्नसमेत अस्वीकार गरिदिएका थिए ।

एफएम रेडियोबाट समाचार प्रसारण गर्न प्रतिबन्ध लगाउनुको अर्थ छैन भन्ने सरकारी अधिकारीहरू पनि नभएका होइनन् । तर तिनको भनाइलाई समेत सरकारले वास्ता गरेन । एफएमले 'हल्ला बढी गर्ने' गरेको आरोप लगाउने रेडियो नेपालका कार्यकारी अध्यक्ष तपानाथ शुक्लाले समेत एफएम रेडियोलाई समाचार प्रसारणमा प्रतिबन्ध लगाउनुको अर्थ नभएको विचार व्यक्त गर्नुभएको थियो ।[७] उहाँको भनाइ थियो– "सरकारको मनोवैज्ञानिक त्रासका कारण रोक लगाइएको छ, विगतमा पनि यस किसिमको मनोवृत्ति देखिएको थियो ।" अनुमति दिइसकेपछि नीति नियम र कार्यक्रम तय गर्ने विवादास्पद सरकारी परिपाटी (अन्नपूर्ण पोष्ट २०६१) ले यस्तो भएको उहाँको भनाइ थियो । तर त्यो भनाइमा उहाँ टिक्न सक्नुभएन । राजहठका अगाडि आफ्नो भनाइ उहाँकै निम्ति महँगो पर्ने देखियो । र, अन्ततः आफूले त्यसो नभनेको भनेर उहाँ पन्छिनुभयो ।

स्वतन्त्र रेडियोमा पत्रकारहरूको संलग्नता तीन किसिमको थियो– क. रेडियो स्टेसनमा पूर्णकालिक रूपमा कार्यरत; ख. जिल्लाबाहिर वा स्थानीय रूपमै 'स्ट्रिङ्गर' वा तलबी संवाददाताका रूपमा कार्यरत; ग. रेडियोमा कार्यरत भएर पनि आम सञ्चारका अरू माध्यममा संलग्न । यीमध्ये अघिल्ला दुई थरी पत्रकारको पहिचान नै संकटमा पर्‍यो भने तेस्रो थरीको काम, दाम र नाम घट्यो । चौथो थरि पत्रकार पनि रहे, जसलाई संस्थाले बर्खास्त गरेन, बरु सूचनामूलक, शिक्षाप्रद, सामाजिक, आर्थिक वा यस्तै अरू कुनै कार्यक्रममा समायोजन गरिदियो । कतिपय भने 'खतरारहित' नयाँ कार्यक्रम उत्पादन गरेर केही जनशक्तिलाई संलग्न गराइरहे । जस्तै, *कम्युनिकेसन कर्नर*ले *कायाकैरन*को सट्टा गैर राजनीतिक विषयवस्तुको कार्यक्रम *शुभवचन* प्रसारण गर्न थाल्यो । *एचबीसी एफएम*मा एक हप्तासम्म *स्रष्टा र सृष्टि* चलाइयो र त्यसपछि *गतिशील विश्व* र *खेल सन्दर्भ* हप्तामा २-२ दिनका दरले पालैपालो केही समयसम्म प्रसारण गरियो । तर, यसरी अस्तित्व रक्षाका लागि सहकर्मीहरूसँग सहयात्राको विकल्प खोज्नेहरू फाट्टफुट्ट मात्र देखा परे । अधिकांश रेडियोले भने आफ्नो 'निरीहता' प्रदर्शन गर्दै, राज्यलाई दोषी देखाउँदै र 'भविष्यमा सजिला दिन आएमा फेरि काममा लगाउन सकिने' खालका आश्वासन दिँदै पत्रकारहरूलाई निष्कासन गरे । यसले पत्रकारलाई पेशाबाट विस्थापन गरिदियो (हेर्नुहोस् बक्स १ र २ ) ।

---

[७] २०६१ फागुन २ गते रिपोर्टर्स क्लब, नेपालको अन्तर्क्रिया कार्यक्रममा बोल्दै ।

**बक्स १ : पत्रकार विस्थापनबारे समाचार**

**भैंसी पाल्दैछन् पत्रकारहरू**
**- महेश पौडेल**

*...मुलुकभरि चलेका विद्युतीय सञ्चारमाध्यम विशेषतः एफएमका संवाददाताहरू यतिखेर विकल्पको खोजीमा हिंडिरहेका छन् । रेडियो एचबीसीका काभ्रे संवाददाता नारायण सापकोटा भैंसीपालन र डेरी सञ्चालनमा लागेका छन् । आफ्नो संस्थाले बेतलवी छुट्टी दिएपछि उनले पनौती नगरपालिका, दलिञ्चोकमा चुनौती डेरी स्थापना गरेका हुन् । उनी हरेक दिन दूध भर्छन् र चिस्यान केन्द्रसम्म पुऱ्याउँछन् । पत्रकार सापकोटा दैनिक घर खर्च चलाउन गाउँघरमा नै बसेर गर्न सकिने काम भएकोले दूध भर्न थालेको बताउँछन् । उनको थप कथन छ- 'डेरीले मात्र धान्न नसकेपछि हालै २९ हजार तिरेर भैंसी किनेको छु ।'*

*...अब पत्रकारिता चटक्कै छाडेकै हो त भन्ने प्रश्नमा उनी भन्छन्- 'सात-आठ वर्ष काम गरियो । स्थिति अनुकूल भयो भने पत्रकारितामै क्रियाशील हुन्छु ।' स्टार एफएमका संवाददाता जीएन सापकोटाको दुखेसो पनि उस्तै छ । आजभोलि उनी सुन्नेबाहेक लेख्ने काम बन्द गरेको छु भन्छन् । यस्तै अवस्था रहेमा विकल्पको खोजी गर्ने उनी बताउँछन् ।*
*- काभ्रे टाइम्स साप्ताहिक, २०६१ फागुन २५ गते*

व्यवसायिक व्यक्तिका लागि यो व्यवसाय नै अवैध घोषणा गरिएपछि उसको आर्थिक आधार नै विशृंखलित हुन गई खान र बाँच्न पाउने अधिकारबाट समेत वञ्चित हुनुपर्ने अवस्था आइलाग्यो, जुन वस्तुतः उसको जीवनको अधिकार नै समाप्त भएको अवस्था थियो । पत्रकारको बाँच्न पाउने अधिकारमाथिकै हमला भएको कारणले गर्दा यो अवस्थाको चर्को विरोध भयो ।

त्यसरी हटाइएका पत्रकारहरूको पुनर्बहालीको निम्ति पत्रकार महासंघले सञ्चालकहरूसँग २०६१ फागुन २९ गते फेरि अनुरोध गऱ्यो । तर, त्यसलाई पनि प्रसारकहरूले गम्भीर ढंगले लिएनन् । महासंघले रोजगारी गुमाएका पत्रकारहरूलाई पेसाबाट पलायन हुनबाट जोगाउन र उनीहरूको जीविकामै संकट आउन नदिनका लागि अनुसन्धानवृत्ति (फेलोसिप) तथा विभिन्न अनुसन्धान कार्य, टिम रिपोर्टिङ, स्रोत व्यक्तिका रूपमा उपयोगजस्ता सम्भव विकल्पको खोजी गर्न आफू क्रियाशील रहेको जनायो । यस कार्यमा सहयोग गर्न उसले सञ्चार सम्बद्ध तथा अन्य संस्थाहरूसँग आह्वान गऱ्यो तर त्यो पनि खासै फलदायी भएन ।

रेडियो पत्रकारहरूलाई कामबाट निकालेर व्यवस्थापन पक्षले आर्थिक भार घटाएको महसुस त गऱ्यो तर त्यसबाट उसको छवि र विश्वसनीयतामा सकारात्मक असर परेन । समाचार नभएपछि स्वाभाविक रूपमा मनोरञ्जनात्मक कार्यक्रम उत्पादनमा संलग्न जनशक्तिलाई महत्त्व दिइयो । तर त्यसले उनीहरूको उत्साह बढाएन । समाचार नहुँदा रेडियोको आर्थिक र सामाजिक महत्त्व घटेका

### बक्स २ : पत्रकार विस्थापनबारे समाचार

**विस्थापित भए पूर्वाञ्चलका एफएम पत्रकार**

**- धर्मराज ढकाल**

*विराटनगर*

*सधैँ रेडियो बोकेरै मेलापात जाने मोरङको दुलारी-८ का श्रीप्रसाद ढकालले रेडियो नखोलेको तीन महिना बितिसक्यो । एफएम मात्र लाग्ने ढकालको रेडियोले समाचार दिन छोडेपछि उहाँले गीत सुन्नका लागि रेडियो नै खोल्नुभएको छैन ।*

*मोरङको केराबारी-३ का दयाराम जमरकट्टेल एफएम समाचार आउने बेला भएपछि दौडिएर घर आउनु हुन्थ्यो । बुढेसकालमा पनि सूचना अद्यावधिक गर्न जमरकट्टेललाई एफएमले ठूलो मद्दत गरेको थियो । तर आजभोलि उहाँको समाचार सुन्ने आदत नै बिग्रिएको छ । "एफएमले रिट्ठो नबिराईकन सही घटनाको बेलिबिस्तार लाउँथ्यो । त्यसैले मलाई त्यस्तो समाचार मात्र मन पर्दथ्यो", जमकट्टेलको भनाइ छ ।*

*कोशी एफएम विराटनगरका समाचारवाचक डीबी बस्नेतले आजभोलि विराटनगरको गङ्गा मेमोरियल बोर्डिङमा पढाउन थाल्नु भएको छ । अर्का समाचारवाचक केशव भट्टराई पनि स्थानीय एक बोर्डिङमा पढाउन व्यस्त हुनुहुन्छ ।*

*गएको माघ १९ गतेको शाही घोषणापछि लागेको संकटकाल र एफएम रेडियोको समाचार प्रसारणमा प्रतिवन्धपछि बेरोजगार भएका बस्नेत र भट्टराईले पेशा नै परिवर्तन गर्नुभएको छ ।*

*जागिर भए पनि काम र तलव नभएपछि हात बाँधेर बसिरहन मज्जा नभएकाले पेशाबाटै विस्थापित हुनुपरेको उहाँहरूको भनाइ छ । उहाँहरू मात्र होइन, रेडियो सुन्ने र समाचारमा काम गर्ने विस्थापितहरूको संख्या बढिरहेको छ ।*

*समाचार प्रसारणमा लगाइएको प्रतिवन्धपछि पूर्वाञ्चलका छओटा एफएम रेडियोका ११ दर्जनभन्दा बढी सञ्चारकर्मी बेरोजगार भएका छन् । ...समाचार निषेध गरिएपछि एफएम स्टेसनहरूले आफ्ना संवाददाता निकालेका त छैनन् तर बेतलवी विदा दिएर राखेका छन् ।*

*कञ्चनजंघा एफएम विर्तामोडका प्रबन्ध निर्देशक चन्द्र भण्डारी समाचार खुलेपछि सबै संवाददाताहरूलाई सम्मानजनक ढंगले काम र पारिश्रमिक दिइने बताउनुहुन्छ । सञ्चारकर्मीलाई बेतलवी विदा दिनु आफ्नो रहर नभएर बाध्यता भएको बताउँदै भण्डारीले पेशाबाट विस्थापित नहुन आग्रह गर्नुभएको छ ।*

*कञ्चनजंघा एफएमबाट तीन दर्जनभन्दा बढी सञ्चारकर्मी विस्थापित हुन सक्ने सम्भावना रहेको स्पष्ट पार्दै प्रबन्ध निर्देशक भण्डारीले समाचारमा प्रतिवन्ध लगाइएपछि विज्ञापनमा ६० प्रतिशतले ह्रास आएको जानकारी दिनुभयो । यस्तो अवस्था रहेको खण्डमा सरकारलाई चर्को शुल्क तिरेर र महंगो खर्चमा एफएम स्टेसन चलाउन नसकिने पनि उहाँले बताउनुभयो ।*

*समाचारमा आउने प्राइम टाइमको विज्ञापन चलाउन नपाएपछि अन्य विज्ञापनले सामान्य खर्चसमेत धान्न धौ धौ भएको कञ्चनजंघा एफएमका सिफ्ट इन्चार्ज इन्द्र धिमालको भनाइ छ । समाचारमा लगाइएको प्रतिवन्धको लगत्तै वार्षिक समझदारीका प्रायोजित विज्ञापनदाताले समेत हात झिकेको गुनासो पनि धिमालले गर्नुभयो ।*

*- नेपाल समाचारपत्र दैनिक, २०६२ जेठ १९ गते*

त उनीहरूले अनुभव गरिरहेकै थिए, समाचार रोकिनासाथ समाचारकर्मीको जागिर गएको देखेकाले उनीहरूलाई आफ्नै रोजगारी पनि असुरक्षित भएको महसुस भयो । त्यति मात्र होइन, कतै आगामी दिनमा फेरि समाचार बज्न थाल्यो भने हाम्रो कामको कम मूल्यांकन हुने त होइन भन्ने आशंका पनि उनीहरूमा पैदा भएको थियो ।[८]

सरकार मात्र होइन, आफैँ रेडियो चलाउने माओवादीले पनि रेडियोकर्मीहरूको पेशा र रोजगारीमा धावा बोले । माओवादीले स्टेसन नै लुटेपछि *घोडाघोडी एफएम*का प्रमुख कार्यक्रम उत्पादक मस्तवीर चौधरी हलो जोत्न बाध्य हुनुपर्‍यो । दाङको हेकुली गाविसका मस्तवीरको भनाइ थियो– ‘रेडियोका लागि हामीले सिकेको सीप अहिले काम नलाग्ने भएको छ’ (जीएम सन् २००५) ।

रेडियो पत्रकारितामा आएको संकटले पत्रकारितामा लाग्न चाहने नयाँ पुस्तालाई समेत रनभुल्ल बनाइदियो । पत्रकारितामा स्नातकोत्तर तहसम्म पढाइ हुने रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँको स्वतन्त्र विद्यार्थी युनियनले विज्ञप्ति निकालेर ‘सरकारी नियन्त्रणकारी उपायले नेपाली सञ्चार जगत्को भविष्य मात्र नभएर, कुशल पत्रकार बन्ने लक्ष्यसहित अध्ययन गरिरहेका विद्यार्थीको भविष्यसमेत अन्धकारमय बनेको’ बतायो । पत्रकारिता पढ्नेहरूको संख्या क्रमशः घट्न थाल्यो । पत्रकारिताका विद्यार्थीहरू मकवानपुर बहुमुखी क्याम्पस र हेटौँडा स्कूल अफ म्यानेजमेण्टमा ६० प्रतिशतले घटे । पहिलोपटक कक्षा ११ चलाउने निर्णय गरेका प्रगति र वंशगोपाल उच्च माध्यमिक विद्यालयले आधा दर्जन विद्यार्थी पनि पाएनन् (कान्तिपुर २०६२ज) । पत्रकारिताको तालिम दिने नेपालको सबैभन्दा पुरानो संस्था काठमाडौँको नेपाल प्रेस इन्स्टिच्यूटमा २०६१ को समूहमा २५ प्रतिशतले घटेको विद्यार्थी संख्या अर्को वर्ष पनि त्यस्तै रह्यो । अर्को संस्था मिडिया प्वाइन्ट पनि यस्तै मारमा पर्‍यो ।[९] त्यसैगरी विराटनगरमा पत्रकारिता र एफएमको एङ्करिङ्ग तालिम दिने भनेर खुलेका संस्थाप्रतिको आकर्षण स्वाट्टै घटेकोले संस्था नै संकटमा परे (टंक खनाल २०६२) ।

## विकल्पको खोजी

२०४७ सालपछि नेपालमा सञ्चारमाध्यमले ठूलो फड्को मारेका थिए जसको सर्वत्र प्रशंसा भएको थियो । नेपालका लागि संयुक्त अधिराज्यका राजदूत किथ

---

[८] *कान्तिपुर एफएम*का स्टेसन म्यानेजर प्रभात रिमाललगायत अन्य रेडियो स्टेसनका व्यवस्थापक र कार्यक्रम उत्पादक तथा प्रस्तोताहरूसँग गरिएको कुराकानीमा आधारित ।

[९] नेपाल प्रेस इन्स्टिच्यूटका कपिल काफ्ले र मिडिया प्वाइन्टका श्रीरामसिंह बस्नेतसँगको कुराकानीबाट प्राप्त जानकारी ।

जर्ज ब्लुमफिल्डका शब्दमा– 'प्रजातान्त्रिक कालमा नेपालमा धेरै एफएम रेडियो स्थापना भए, २४ घण्टै प्रसारण हुने टेलिभिजन च्यानल आए, इन्टरनेट व्यापक भयो, यी सबै सञ्चारमा आएको उदारीकरणका परिणाम हुन् ।'[१०] त्यसमा पनि एफएम रेडियोले हासिल गरेको उपलब्धि विशिष्ट थियो । "नेपालमा स्थानीय प्रसारणको खास परिभाषा रेखाङ्कन गर्ने एफएम नै हुन्, प्रसारणको पेशागत स्वरूप पनि यिनैले पैदा गरेका हुन् । अहिलेको परिस्थितिमा कुनै पनि राष्ट्रिय प्रसारणले एफएमले गरेको काम गर्न सक्ने स्थिति देखिँदैन । यसैले सन्देशलाई सही अर्थमा समुदाय तहसम्म पुऱ्याउने हो भने, श्रोताविशेषको हारसम्म लाने हो भने एफएमले स्थापना गरेको सञ्जाल नै उपयुक्त र विश्वसनीय छ भन्दा अतिशयोक्ति हुने छैन" (रेग्मी २०६१ : ४) ।

तर, राजाको सरकारले यही सञ्जाललाई निस्तेज पार्ने अभियान चलायो । रेडियोमा समाचार बन्द भएपछि गाउँलेहरूले कहिले फोन गरेर सहरका मान्छेहरूसँग खबर खोध्न थाले भने कहिले एम्बुलेन्सका चालक वा पैदल आउने जाने मान्छेहरूसँग (गाडी समेत ठप्प भएकाले) पत्रिका मगाएर समाचारको प्यास मेटाउने प्रयत्न गरे (कार्की २०६१) । समाचार प्राप्त गर्ने विकल्पको सर्वत्र खोजी हुन थाल्यो तर कतैबाट पनि चित्त बुझाउन सकिने स्थिति भएन ।

### ***समाचारको भोक र राष्ट्रियता***

माघ १९ पछि नेपालका पत्रपत्रिका 'सेन्सरसिप' वा 'सेल्फ सेन्सरसिप' को मारमा परेर नूनविनाको तरकारी जस्ता हुन पुगेका थिए । त्यस बेला पत्रिकाका कार्यालयमा सेना राखियो, सम्पादकको काम गर्न सैनिक उपस्थित भए, पत्रकारलाई धम्क्याइयो, कुटियो र समातियो । तीन महिनाभित्र देशव्यापी रूपमा १०८ ओटा पत्रिका बन्द हुन पुगे (गाउँले सन् २००६ : ३) । टेलिभिजन च्यानलहरूको हालत पनि उस्तै थियो । यस्तो अवस्थाका बीच अशिक्षा र गरिबीका कारण अखबार र टेलिभिजनमा पहुँच नहुने अधिकांश नेपालीका लागि रेडियोमा समाचार बन्द भएपछि सूचना र समाचार प्राप्त गर्ने ढोका नै बन्द भयो ।

यस परिस्थितिमा जनताले विदेशी रेडियोबाट बज्ने नेपाली कार्यक्रमको मुख ताक्न थाले । तराई क्षेत्रमा भारतीय रेडियोहरूको केही प्रभाव रहे पनि तिनबाट स्वदेशका समाचारको तृष्णा मेटिन सक्दैनथ्यो । फलतः *बीबीसी* नेपाली सेवा नै

[१०] २०६२ वैशाख १२ गते नेपाल पत्रकार महासंघ, काठमाडौँ शाखाको 'क्रियाशील पत्रकारिता पुरस्कार' वितरण समारोहमा ।

समाचारको भरपर्दो र एकमात्र स्रोत हुन पुग्यो । पहिले कतिपय एफएमले नै यो सेवा रिले प्रसारण गर्थे तर त्यो पनि बन्द भएकोले सर्ट वेभबाट सुन्नुपर्ने भयो । यसैबीच *बीबीसी*ले राति पौने नौदेखि सवा नौ बजेसम्मको प्रसारण समयमा १५ मिनेट बिस्तार गरी साढे नौ बजेसम्म पुऱ्याइदियो । 'हरेक बेलुका अधिकांश घरहरूमा पुराना रेडियो खोजी सर्टवेभमा *बीबीसी* लगाउन बटारिरहेका मान्छेहरू भेटिन्थे' (साझा विचार २०६१) ।

सत्यको मुख बन्द गरिएपछि असत्यको थुतुनो खुल्छ । नेपाली मिडियाको मुख बन्द गरिएपछि कतिपय विदेशी मिडियाले नेपालबारे तथ्यहीन र अनर्गल प्रचार गर्न थाले । स्वयं राजा ज्ञानेन्द्र र राजपरिवारका सदस्यहरूका बारेमा आपत्तिजनक शब्द प्रयोग गर्दै अनेकन् खबर छापिए । तिनमा सत्यलाई तोडमरोड गरिएको हुन्थ्यो । यस्तै एउटा खबरमा राजा ज्ञानेन्द्रको रणनीतिका सबै तयारीहरूमा (युवराज) पारसको भूमिका हुने बताइएको थियो (जनसत्ता सन् २००५) । यस्ता भारतीय पत्रिकाहरू काठमाडौँमा हारालुछ भएर बिक्री भएको पसलेहरूको भनाइ थियो । सरकारले बाहिरी पत्रपत्रिकाहरूमाथि नियन्त्रण नगरेर र घरेलु पत्रिकामाथि मात्रै गोठालो गरिरहेमा 'घरको बाघ वनको स्याल' सावित हुने सम्भावना नेपाली अखबारले पनि औँल्याएका थिए (जनआस्था २०६१ख) । तर सरकारले त्यसको मतलब राखेन ।

सरकारले समाचारमूलक विदेशी टेलिभिजनमाथि लगाएको प्रतिबन्ध खोल्यो र २०६२ जेठको अन्तिमतिर विदेशी पत्रपत्रिकाहरूको आयात पनि खुला गऱ्यो । असार २३ गते राजा ज्ञानेन्द्रको जन्म दिनबाट *नेपाल वन* टेलिभिजनलाई समेत नेपालभित्र प्रसारण गर्न अनुमति दिइयो ।[११] 'निजी सञ्चारमाध्यममा गरिएको सेन्सरसिपका कारण विदेशी च्यानलहरूबाट नेपालका बारेमा निकै नकारात्मक तथा गलत तथ्यसहितका समाचार तथा टिप्पणी प्रसारण भए' (नेपाल समाचारपत्र २०६२) । तैपनि नेपाली रेडियोमाथिको प्रतिबन्ध सरकारले खुला गरेन ।

"नेपाली सञ्चारमाध्यमहरू कमजोर, अविश्वसनीय र नियन्त्रित हुनुको अर्थ राष्ट्रको एकता वा शान्तिको सहायक हुनु किमार्थ हुन सक्दैन । यस्तो बेलामा भ्रम र किम्बदन्तीहरूको खेती हुन्छ र त्यस्तो खेतीले हामीलाई कठोर विनाशको कठघरामा उभ्याउँछ । के हाम्रो इच्छा त्यस्तै विनाशतर्फ प्रेरित हुँदै गएको हो त ? पक्कै पनि यो र यस्ता प्रश्न उठ्नु हुँदैन" (दाहाल २०६१) जस्ता आग्रहहरू

[११] भारतको नयाँ दिल्लीमा मुख्य प्रसारण स्टुडियो भएको नेपाली भाषाको यो टेलिभिजन शाही घोषणा लगत्तै नेपालमा प्रतिबन्धित थियो र भारतीय क्षेत्रमा मात्रै प्रसारण गर्दै आएको थियो ।

माघ १९ पछि लगातार आइरहेका थिए । तर शाही दम्भका अगाडि यस्ता आग्रहको कुनै स्थान थिएन ।

### *प्रविधिमा प्रतिगमन*

सस्ता र सुलभ एफएम रेडियो सेटको उपगोगिता नरहेपछि सर्टवेभ टिप्ने महँगा रेडियो सेटको बिक्री बढ्न थाल्यो । 'एफएममा समाचार प्रसारण रोकिएपछि र अन्य सञ्चारमाध्यममा पनि तोकिएको ढाँचामा मात्र समाचार आउन थालेपछि सूचनाका भोकाहरू छट्पटिए', राजधानी दैनिकमा एउटा समाचार छापियो– "विदेशी कार्यक्रम सुन्न रेडियोको माग बढेको मौका छोपेर व्यापारीहरूले पनि मूल्य बढाएका छन् । बजारमा पाइने सस्ता चार व्याण्डका रेडियोले सर्टवेभ समात्दैनन् । त्यसैले भारतीय र जापानी रेडियोको माग बढेको छ ।" समाचारमा यातनापीडित सरोकार केन्द्रका अध्यक्ष डा. भोगेन्द्र शर्मालाई उद्धृत गरिएको थियो । उहाँले समाचार सुन्ने प्यास मेटाउन दुई हजार ५ सय रुपियाँ खर्च गरेर जापानी रेडियो खरीद गर्नु भएको थियो, जुन पहिला एक हजार २ सय रुपियाँमा पाइन्थ्यो । हुन पनि कहिल्यै नेपालबारे चर्चा नगर्ने विश्वका ख्यातिप्राप्त सञ्चारमाध्यमले त्यतिबेला नेपालको खबरलाई व्यापक महत्त्व दिइरहेका थिए (सापकोटा २०६१) ।

महँगो रेडियो सेट किनेर समाचारको भोक मेटाउने क्रम काठमाडौँमा मात्र होइन, काठमाडौँबाहिर पनि देखा पऱ्यो । जनकपुरमा सर्टवेभ रेडियोको बिक्री बढेको समाचार त पत्रकार वृजकुमार यादवकै स्वरमा *बीबीसी* नेपाली सेवाले प्रसारण गरेको थियो । यस्ता कुराले अखबारमा पनि प्रशस्त ठाउँ पाए । स्वयं सरकारी अखबारले समेत यस्ता समाचार-कथाहरू प्रकाशन गरे ।

प्रस्तुत छ, त्यस्तैमध्येको एउटा समाचार कथाको अंश, जुन शाही कदमको ठीक एक महिनापछि हेटौँडा 'डेट लाइन' मा छापिएको थियो–

> **सेन्सरसिपले रेडियोको बिक्री बढ्यो**
>
> ..."करीब एक महिनाको अवधिमा यो पसलबाट सस्तो र सानो, बिबिसी आउने डिजिटल रेडियो २० ओटाभन्दा बढी बिक्री भइसक्यो", हेटौँडा महेन्द्रचोकको विकास स्टोर्सका मालिक सरोज ओली भन्छन्– "खोज्न आउने त थुप्रा छन् तर सामान छैन ।"
>
> बिग्रिएका रेडियो मर्मत गर्ने हिमालयन रेडियो सेन्टरका फिरोज खान पसलमा दिनहुँ पाँचओटा जति रेडियो मर्मतका लागि ल्याउने गरिएको बताउँछन् । अब एफएमबाट काम नचलेपछि बीबीसी आउने ठूला तर बिग्रिएका रेडियो मर्मत गर्नै पऱ्यो नि ! पसलमा रेडियो मर्मत गर्न ल्याएका एक जनाले वास्तविकता पोखे ।
>
> हेटौँडाको मुख्य बजारमा एक दशकदेखि रेडियो मर्मत गर्दै आएका पृथ्वीमान श्रेष्ठ माघ १९ पछि रेडियो किन्ने र मर्मत गर्नेहरू थुप्रै आएको बताउँछन् । जस्तो भए पनि

बीबीसी आउने रेडियो छ ? भन्दै आउने १५-२० जनालाई सामान नभएपछि फर्काउनु परेको गुनासो श्रेष्ठको छ ।
- *नेपाल समाचारपत्र दैनिक, २०६१ फागुन १९ गते*

सरकारी प्रकाशन *द राइजिङ नेपाल*ले त अझ दुईहप्ता अगावै यस्तो समाचारमा छापेको थियो, जसको अनूदित अंश यसप्रकार छ–

सिन्धुलीबाट विस्थापित भएर काठमाडौँ आइपुगेका मीनप्रसाद कोइराला हाल विशाल बजारमा रेडियो बेच्ने पसल चलाएर बसेका छन् । माघ १९ पछि उनले १० दिनकै बीचमा १०० ओटा रेडियो सेट बेचे । त्यसअघि उनलाई दिनमा एउटा सेट बेच्न पनि मुश्किल थियो ।

अर्का व्यापारी हरि श्रेष्ठले पनि १० दिनमा १०० ओटा सेट बेचे । उनका अनुसार धेरै मानिसहरूले मलेशियाली र सक्कली जापानी रेडियो खोज्छन् । श्रेष्ठका अनुसार धेरैजसो ग्राहक 'सर्ट वेभ' रेडियोतर्फ आकर्षित थिए जसबाट अन्तर्राष्ट्रिय समाचार र रेडियो नेपाल सुन्न सकून् । एफएम स्टेसनका कार्यक्रम सजिलै टिप्न सक्ने साना रेडियो अहिले कामै नलाग्ने भएको खुद्रा व्यापारीहरू बताउँछन् ।

अनुराग इलेक्ट्रोनिक्स शप, बानेश्वर पनि धेरै ओटा सेट बेचेर दंग छ । यसका मालिक विश्वमणि घिमिरे भन्छन्– "ग्राहकहरू शक्तिशाली ट्रान्समिटर भएका रेडियो बढी रुचाउँछन् जसमा देशबाहिरका स्टेसन लगाउन सकियोस् ।"

यो क्रम बढ्दैछ र हजारौँ मान्छेहरू विदेशमा बनेका रेडियो सेट लिन चाहन्छन् ।
- *द राइजिङ नेपाल, फेब्रुअरी १५, सन् २००५ (फागुन ४, २०६१)*

अप्ठ्यारोबाट सजिलोमा र महँगोबाट सस्तो प्रविधिमा प्रवेश गरेर अगाडि बढ्नु प्राविधिक विकासको विशेषता र सद्गुण हो । तर सरकार सजिलोबाट अप्ठ्यारो र सस्तोबाट महँगो प्रविधितिर देशलाई धकेलिरहेको थियो । महँगा सर्टवेभ रेडियो किन्दा कति नेपाली रुपियाँ विदेशिन पुग्यो भन्ने छुट्टै लेखाजोखा र अनुसन्धानको विषय हुन सक्छ । तर, नागरिक सरकारलाई सेनाका बलमा अपदस्थ गरेर आएका राजाको सरकार विचार र व्यवहारमा मात्र होइन, प्रविधिमा समेत प्रतिगामी चरित्रको थियो भन्ने देखिन्छ । यसै कारण उसले आफ्नो स्वामित्वमा रहेको *रेडियो नेपाल*बाट प्रसारण हुने मुख्य समाचारमा बजाइने धुनसमेत परिवर्तन गरी पञ्चायतकालीन धुन बजाउन थालेको थियो ।[१२] 'श्री ५ नवयुवराज

[१२] 'कहिले झरी कहिले बादल घामछायाँ, दुई दिनको जिन्दगी रामछायाँ' भन्ने पुरानो लोकभाकामा आधारित धुन २०१७ सालमा राजा महेन्द्रले संसदीय बहुदलीय व्यवस्था समाप्त पारेपछि *रेडियो नेपाल*को मुख्य समाचारको धुनको रूपमा बजाइने गरेको थियो (परिवार २०६२) । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्बहाली भएपछि त्यो धुन फेरिएको थियो ।

हृदयेन्द्र चौथो वर्षमा प्रवेश गरिबक्सेको अवसर पारेर' त्यहाँका कर्मचारीलाई समेत जानकारी नदिई २०६२ साउन १४ गतेदेखि धुन एक्कासी परिवर्तन गरिएको थियो। त्यसको एक महिनाअघि उसले *गोरखापत्र*को नाम बदलेर राणाकालीन ढाँचामा 'गोर्खापत्र' बनाएको थियो।

प्रतिगामी सोचकै कारण सरकारले नयाँ रेडियो खोल्ने अनुमति पनि कसैलाई दिएन। निवेदन दर्ता भएकाहरूले अनुमतिपत्र पाएनन् भने पहिले नै अनुमति पत्र लिएर बसेकाहरूले स्टुडियो तयार गरेर पनि ट्रान्समिटर आयात गर्न पाएनन्। चलिरहेका रेडियोलाई समेत जगेडा ट्रान्समिटर आयात गर्ने अधिकारबाट वञ्चित गरियो जसबाट चालू ट्रान्समिटरमा केही गडबडी उत्पन्न हुँदा रेडियो नै बन्द गर्नुपर्ने समस्या आइलाग्यो। यही समस्याका कारणले जुम्लाको *रेडियो कर्णाली* र नवलपरासीको *विजय एफएम* बन्द भए (द काठमाण्डु पोष्ट सन् २००५)। काठमाडौँको *नेपाल एमफएम*ले समेत ट्रान्समिटरको खराबीका कारण २०६२ माघ ५ गते बेलुका ४:४० देखि १७ घण्टा ३२ मिनेटसम्म प्रसारण रोक्नु पर्‍यो। जगेडा ट्रान्समिटर ल्याउन पाउँ भनेर बारम्बार अनुमति माग्दा पनि सरकारले वास्ता नगरेपछि, स्थापना कालदेखि चौबीसै घण्टा प्रसारण भइरहेको *नेपाल एफएम* बन्द नै हुन पुगेको थियो।

## *प्रस्तुतिका नयाँ उपाय*

जति बेला पनि गीत मात्र बजाएर असान्दर्भिक साधनमा रूपान्तरित हुनबाट जोगिन रेडियोहरूले अनेक उपाय अवलम्बन गरे। समसामयिक सामग्री र सूचना प्रसारण गर्न आफ्नो कल्पनाशीलताले भ्याएसम्मका तरिका अपनाए।

'सर्प पनि मर्ने लौरो पनि नभाँचिने' उपाय थियो- समाचारको नाम परिवर्तन। खास गरी सञ्चार अध्यादेश जारी भएपछि यो उपाय धेरै प्रयोग भयो। अध्यादेशले 'सूचनामूलक' सामग्री प्रसारण गर्न अनुमति दिएकोले र 'समाचार' भनेर टिक्न नसकिने भएपछि यो उपाय अवलम्बन गरिएको थियो। हरेक घण्टामा आउने *एचबीसी खबर*लाई *समय सन्दर्भ* बनाइयो भने *रेडियो सगरमाथा*को *हालचाल*को नाम *सूचनामूलक हालचाल* हुन पुग्यो। *सूचनामूलक कान्तिपुर डायरी* भनियो, *इमेज हाइलाइट*मा राजनीतिबाहेकका समाचार मात्र पढ्न थालियो। कहीँ चाहिँ उद्घोषकहरूले आपसमा कुराकानी गरेजस्तो गरेर खबर दिन थाले। त्यसैको चित्रण गर्दै छापिएको एउटा समाचार–

**एफएम सञ्चारकर्मी कलाकार बन्न बाध्य**
**- उदय जीएम**

दाङ, १३ असार : नमस्कार ! स्टुडियोको छलफलमा तपाईंलाई स्वागत छ। छलफलमा सहभागी छौं, साथी विपुल पोखरेल, सुदीप गौतम र म लोकराज अधिकारी।

यसपछिको छोटो धुनपछि रेडियो स्वर्गद्वारी एफएमका समाचारवाचक लोकराज अधिकारीको आवाज रेडियो सेटमा गुन्जिन्छ– 'तपाईंसँग केही समय बिताउन हामी स्टुडियोको छलफलमा छौँ। हामी अपेक्षा गर्छौं, छलफलमा तपाईको पनि सक्रिय सहभागिता रहनेछ।'

रेडियो सुन्ने पारखीहरू आ-आफ्नो रेडियो सेटतिर ध्यान केन्द्रित गर्छन्, कान ठाडो पारेर। आवाज क्रमशः अघि बढ्दै जान्छ– 'यो समयमा हामी तपाईं-हाम्रा मनमा उठेका कुरा र मानव अभिरुचिका प्रसङ्गहरूलाई छलफलको विषयवस्तु बनाउँछौँ।'

लोकराज अधिकारीको आवाज गुन्जन्छ– 'विपुलजी छलफल सुरु गर्ने हो कि', विपुलको आवाज आउँछ 'गरौँ न त, केके विषय लिएर आउनु भाछ'। लोकराजको आवाज आउँछ– "सबभन्दा पहिले त भर्खरै एसएलसीको नतिजा आएकोथ्यो नि ? त्यतिबेला अलि नमिलेको रै'छ।"

लोकराजपछि विपुलले एक अखबारमा छापिएको परीक्षा नियन्त्रकमाथिको कारबाहीसम्बन्धी समाचार पढ्न आग्रह गर्छन् र लोकराजले त्यो समाचार पढ्छन्। एवं रीतले विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरू 'भ्रष्टाचार आरोपितलाई नियुक्तिको विरोध', जाजरकोटको सभापति पदमा नियुक्त गरिएका व्यक्ति नभेटिएको र अर्कोले दाबी गरेको, लठ्ठीमा झुन्डिएर नदी पार गर्न थालेको तस्वीर, खोटाङमा भिडन्त, बसका यात्रुहरू लुटिएको, जिल्लामा मोटरसाइकलमा दुई जना बस्न लगाइएको प्रतिबन्ध, डिजेल, पेट्रोल र खाना पकाउने ग्यासमा भएको मूल्यवृद्धि, सञ्चारकर्मीहरूको कोइलाबास भ्रमण, राष्ट्रिय वाणिज्य बैङ्कको हार्डडिस्क चोरी, रुकुम उद्योग वाणिज्य संघका पदाधिकारीहरूको जेलचलान लगायतका विषयहरू छलफलका विषयवस्तु बन्छन्। रेडियोकर्मीहरू मानव अभिरुचिका विषयमा छलफल र प्रश्नोत्तर गर्छन्, स्टुडियोमा बसेर। उता श्रोताहरू छलफलको माध्यमबाट समाचारको तिर्खा मेटाउँछन्।

... हिजोसम्म आ-आफ्नो एफएम रेडियोहरूबाट ताजा समाचार भनेर आम जनतालाई सुसूचित गर्ने सञ्चारकर्मीहरू अहिले कुशल कलाकार बन्न बाध्य भएको बताउनुहुन्छ रेडियोकर्मी विपुल। कलाकार बनेरै भए पनि आफूहरूले सञ्चारकर्मीको कर्तव्य, दायित्व र धर्मलाई पूरा गरिरहेको दाबी उहाँको छ।

मुलुकभरका सञ्चारकर्मी शान्ति र प्रजातन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै सडकमा उत्रिएका छन्।...

... यस्तै बेलामा रेडियो स्वर्गद्वारी एफएमका सञ्चारकर्मीहरू त अब कलाकार बन्नसमेत विवश भएका छन्। उनीहरू मानव अभिरुचिका विविध विषयहरूमा छलफल गर्दै कुरैकुराका कुरा गरेर श्रोताहरूलाई समाचार नभए पनि समाचारको चटनी चटाइरहेका छन्।...

रेडियो स्वर्गद्वारी एफएमका समाचार सम्पादक विपुल पोखरेल पनि समाचार सम्पादन गर्न छाडेर कलाकार बन्नुभएको छ। भन्नुहुन्छ- 'परिस्थितिले मानिसलाई कलाकार पनि बनाउँदो रहेछ।'

- अन्नपूर्ण पोष्ट दैनिक, २०६२ असार १४

यसबाहेक कैयौँ रेडियोले समाचारमूलक कार्यक्रमको सट्टा सामाजिक, शैक्षिक वा अरू विषयसँग सम्बन्धित कार्यक्रम उत्पादन तथा प्रसारण गरे। जतिसुकै

सूचना प्रवाहित गरे पनि समाचारको स्वाद नै चाहिँ तिनले दिन सक्ने कुरा थिएन । त्यसैले, सामुदायिक गतिविधिको रूपमा दिन खोजेको समाचारलाई श्रोताले समाचारको रूपमा स्वीकार नगरेको *रेडियो लुम्बिनी*का रेडियोकर्मीहरूले अनुभव गरे ।[१३] तैपनि रेडियोको लागि कार्यक्रमको अभाव पूर्ति, रेडियोकर्मीका लागि पेशाको निरन्तरता र श्रोताको लागि निरन्तर गीत मात्र बजेकोभन्दा केही सूचनामूलक र श्रवणीय सामग्रीको उपलब्धताका हिसाबले यो एउटा सुरक्षित विकल्पको खोजी थियो । यसै क्रममा पाल्पाको *श्रीनगर* र *मुक्तिनाथ एफएम*ले त एसएलसी दिन लागेका विद्यार्थीहरूका लागि विज्ञान र गणित पढाउने रेडियो कार्यक्रमसमेत चलाएका थिए ।

## आत्मसंघर्ष

शाही शासनले रेडियो समाचारको घाँटी निमोठेपछि रेडियो पत्रकारप्रति सञ्चालकहरूको व्यवहार असंवेदनशील हुन पुग्यो । कैयौँले एक दिन पनि ढिला नगरी पत्रकारहरूलाई तत्काल रेडियोबाट निकाले । उनीहरूले 'मौका पर्ने बित्तिकै पुनः ज्यालामा लगाउने' कुरा गरेर आफ्नो अनुहार जोगाउने प्रयास गरेका थिए । अर्काथरी यस्ता थिए जसले पत्रकारलाई तत्काल निकालेर मात्र नपुगी उनीहरूलाई नै सम्पूर्ण दोषको कारक ठाने र अनेक माध्यमबाट कुण्ठा ओकल्ने काम गरे । यतिसम्म कि त्यस्ता पत्रकारहरू आफ्नो संस्थामा देखा नै नपरिदिए हुने थियो भन्दै त्यसैअनुरूपको व्यवहार प्रकट गरे (ढुङ्गेल २०६२ : १८) ।[१४] कतिपयले भने निकालिहालेको घोषणा त गरेनन् तर पत्रकारहरूलाई तलब पनि दिएनन् । उनीहरूले क्रमिक रूपमा अर्थात् निकाल्न इच्छा नलागे जस्तो गर्दै बर्खास्त गर्ने नीति लिए । तत्काल निकाल्दा नैतिकताको प्रश्न उठ्ने डर उनीहरूलाई थियो भने कुनै दिन फेरि समाचार प्रसारण हुन सक्यो भने पत्रकारहरूलाई फेरि काममा लगाउनुपर्छ भन्ने निहित स्वार्थ पनि छँदै थियो । यसबाहेक, अपवादका रूपमा रेडियोमै अरू काममा संलग्न गराएर समायोजन

---

[१३] ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च, मिडिया सर्भिसेज इन्टरनेसनल, नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल वातावरण पत्रकार समूहका प्रतिनिधिहरू सम्मिलित टोलीले २०६१ वैशाख ११ पछिका केही दिनमा गरेको स्थलगत भ्रमणका क्रममा प्राप्त जानकारी ।

[१४] शाही घोषणापछि रेडियो पत्रकारहरूसँग गरिएका औपचारिक तथा अनौपचारिक कुराकानीका आधारमा प्राप्त जानकारी । यस प्रकारका अनुभूतिजन्य तथ्यहरूमा कसैको नाम किटेर उल्लेख नगर्नु नै उपयुक्त ठानेर प्रवृत्तिगत रूपमा मात्र उल्लेख गरिएको हो ।

गर्नेहरू पनि भए । यस्तो नीति लिनेमा *रेडियो सगरमाथा, मनकामना एफएम, रेडियो मदनपोखरा* लगायतका केही रेडियो स्टेसन मात्र थिए ।

अलि मिहीन रूपले हेर्दा, घटनाक्रमले रेडियो पत्रकारलाई विभिन्न अवस्थामा धकेलेको देखिन्थ्यो । पहिलो, जसको रोजगारी हरण भएन, प्रेस स्वतन्त्रता मात्रै हरण भयो । दोस्रो, जसको रोजगारी पूर्ण रूपले हरण भएन (जो अरू सञ्चारमाध्यममा पनि संलग्न थियो) तर आम्दानी घट्यो र प्रेस स्वतन्त्रता हरण भयो । तेस्रो, जसको रोजगारी पूर्ण रूपले खोसियो, सञ्चारमाध्यमले दिएको परिचयपत्र मात्र खोसिएन । चौथो, जसको रोजगारी पनि रहेन र सञ्चारमाध्यमले दिएको परिचय पत्रसमेत खोसियो । यीमध्ये चौथोको अवस्था सबैभन्दा गम्भीर थियो किनभने तिनको रोजगारी र पेशा मात्र गुमेको थिएन, जीवनको सुरक्षासमेत खतरामा परेको थियो । कारण, कुनै पनि दिन सरकारले तिनलाई आतंककारीको बिल्ला लगाएर 'कारबाही' गर्न सक्थ्यो ।

प्रत्यक्ष शाही शासन सुरु भएपछि एकद्वार विज्ञापन नीतिलगायतका सरकारी बक्र दृष्टिको परिणामस्वरूप विज्ञापन कटौती भए, पत्रपत्रिकाको बजार प्रभावित भयो र पत्रकारको रोजगारी संकटमा पर्‍यो (गाउँले २०६२ : ३) । यो त्यस्तो समय थियो, जब रेडियो सञ्चालकहरूले समाचारलाई गुमाउनु पर्दा रेडियो नै बन्द गर्नुपर्नेसम्मका खतरा महसुस गरेका थिए । त्यस पृष्ठभूमिमा, रेडियो पत्रकारलाई तत्काल निकालेको घटनाले सञ्चालकहरूका लागि सुखद सन्देश नदिने स्थिति बन्दै गयो । रेडियोको आर्थिक कारोबारको मामलाभन्दा समाचारविहीनता र पत्रकारको रोजगारी तथा पेशाको मुद्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा अत्यधिक सरोकारको विषय बनेर देखा पर्‍यो । समाचार बन्द भएको बहानामा पत्रकारहरूलाई निकाल्न नहुने र निकालेकाहरूलाई पुनःस्थापित गर्नुपर्ने माग गर्दै पत्रकार महासंघका प्रतिनिधिहरू हिँड्न थाले । विना पत्रकारको सञ्चारमाध्यम हुनै नसक्ने तर्क गर्दै पत्रकारको पेशागत, व्यक्तिगत तथा व्यावसायिक सुरक्षामाथि महासंघले जोड दियो ।[१५]

यसैबीच २०६२ असार ११ गते काठमाडौँमा जारी गरिएको स्वतन्त्र रेडियोका प्रसारक, सञ्चारकर्मी र स्वतन्त्र रेडियोका पक्षधरहरूको पहिलो राष्ट्रिय भेलाले रेडियो पत्रकारहरूको कामको विषयलाई सम्बोधन गर्दै घोषणापत्र जारी गर्‍यो । घोषणापत्रको चौथो बुँदामा भनिएको थियो– "स्वतन्त्र रेडियोहरूका समाचार

---

[१५] मार्टिन चौतारीले २०६२ जेठ १२ गते आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्ट ।

तथा सूचनामूलक कार्यक्रममाथिको बन्देजले रेडियो पत्रकारहरूको पेशागत अस्तित्वलाई नै चुनौती दिएको छ । यो अवस्थामा हामी पूर्ण प्रेस स्वतन्त्रता र रेडियो पत्रकारहरूको पेशागत अधिकारको प्रत्याभूति गर्दै उनीहरूको पुनर्बहाली गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।" यसले पत्रकारहरूलाई उत्साहित गराएको थियो । तर प्रसारकहरूले पत्रकारलाई पुनर्बहाली गर्ने यो प्रतिबद्धता व्यवहारमा उतारेनन् ।

'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन' गठन गर्ने भेलामा[१६] उपस्थित प्रसारक तथा लगानीकर्ताहरूले समाचार प्रसारण कटौतीपछि ६० प्रतिशत आम्दानी घटेको बताएका थिए । अझ कतिपयले त ९० प्रतिशत आम्दानी नै घटेको तथ्यांक अघि सारेका थिए । अत्यन्त घटाएर तथ्यांक प्रस्तुत गर्नेले पनि समाचार नहुँदा ४० प्रतिशत आम्दानी कम भएको उल्लेख गरेका थिए । यसबाट स्वतन्त्र रेडियोको प्रतिष्ठा, श्रोता-समूह र आम्दानीमा पत्रकारको महत्त्व र योगदान स्वतः प्रमाणित हुन्छ ।

कामको सुरक्षाको दृष्टिकोणले हेर्दा अन्य पत्रकारको तुलनामा रेडियो पत्रकारको स्थिति निकै कमजोर नै हो । श्रमजीवी पत्रकारसम्बन्धी ऐनले पनि उनीहरूलाई स्पष्ट सम्बोधन गरेको थिएन र सरकारले समेत 'प्रेस पास' उपलब्ध नगराएर अपमानजनक व्यवहार प्रदर्शन गरेको थियो । तैपनि उनीहरू रेडियोबाट समाचार प्रसारण गर्न पाउनुपर्ने संवैधानिक अधिकारका पक्षमा संघर्षरत थिए । नेपाल पत्रकार महासंघले त २०६२ वैशाख ६ मा यसबारे अदालतमा मुद्दा नै दायर गरेको थियो । पत्रकारहरूको माग रेडियो प्रसारकहरूको समेत हितमा थियो किनभने, उनीहरूले चाहेको समाचारसहितको रेडियो हुँदा 'स्वतन्त्र रेडियो' स्वतः हुन्थ्यो र त्यहाँबाट समाचार सहितका सम्पूर्ण प्रसारण कर्म हुन्थे । तर, रेडियो मात्र हुँदैमा र रेडियोले समाचारबाहेकको अधिकार पाएको खण्डमा न त्यहाँ पत्रकार हुन्थे, न सचेत श्रोता । त्यसले न प्रतिष्ठा कमाउँथ्यो न त आम्दानी नै ।

समाचार हटाउनुको मनसाय अन्ततोगत्वा रेडियोलाई पूर्णतः थला पार्नु नै थियो । यस्तो बेलामा सम्पूर्ण अधिकारका लागि आवाज उठाउने पत्रकारलाई रेडियोबाटै अलग गर्ने प्रसारकहरूको काम सर्पको मुखमा परिसकेको भ्यागुतोले फटयाङ्ग्रोलाई खान मुख बाउनु जस्तै थियो । पत्रकारलाई 'मजदुर' र आफूलाई 'मालिक' ठान्ने प्रवृत्ति यसको मूल कारण थियो ।

यही कारण हो- सारा श्रोतालाई समेत समेटेर रेडियो अधिकारको पक्षमा आन्दोलन गर्ने 'गफ' भइरहँदा पनि रेडियोमै काम गरेका पत्रकारहरूलाई समेट्ने

---

[१६] २०६२ जेठ ११ गते यल माया केन्द्र, पाटनढोकामा ।

कुरा उठ्न सकेको थिएन । तर, पत्रकार नसमेटिएको आन्दोलन विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको आन्दोलन हुन सक्दैनथ्यो । प्रसारकहरूको मात्र अधिकारका लागि गरिने आन्दोलन मनोरञ्जनात्मक कार्यक्रम उत्पादन गृह वा चलचित्र निर्माताहरूको आन्दोलनको तहमा सीमित हुन्थ्यो । त्यो यथार्थले रन्थन्याएपछि मात्र माघ १९ पछि पीडित भएका पत्रकारहरूलाई पनि समेटेर 'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन' गठन भएको हो । आन्दोलनको अनुरोधमा त्यसलाई सक्रियतापूर्वक समर्थन गर्न पत्रकार महासंघले देशभरिका आफ्ना शाखाहरूलाई पत्र पठाए पश्चात् नै त्यो आन्दोलन प्रभावकारी हुनपुगेको थियो ।

रेडियो प्रसारकहरूका बीचमा पर्याप्त व्यावहारिक र वर्गीय अन्तर्विरोध भए पनि समग्र स्वतन्त्र रेडियोको अस्तित्व रक्षा र अधिकार प्राप्तिको लागि साझा संघर्षको खाँचो थियो । 'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन' ले त्यही खाँचोको पूर्ति गर्‍यो । यद्यपि, रेडियो पत्रकारको अधिकारका विषयमा रेडियो प्रसारकहरूको प्रतिबद्धताको परीक्षण श्रमजीवी पत्रकार जगत्, प्रेस स्वतन्त्रताका पक्षधरहरू र संगठित हुने र सामूहिक सौदावाजीको सिद्धान्त स्वीकार गर्ने व्यक्ति तथा संस्थाहरूले गरिरहनु पर्छ भने स्वयं प्रसारक र तिनका संगठनहरूले समेत निरन्तर आत्मनिरीक्षण गरिरहनु पर्छ ।